नीतिगत समीक्षा

एसिया ब्रिफिङ नं. ७२
काठमाडौं/ब्रसेल्स, १८ डिसेम्बर २००७

International Crisis Group
WORKING TO PREVENT CONFLICT WORLDWIDE


# नेपाल : स्थगित शान्ति

## १. सिंहावलोकन

नेपालमा दिगो शान्तितर्फको कदम पूरै नरोकिए पनि निकै धर्मराइरहेको छ। संविधानसभाको निर्वाचन फेरि पर सारिनाले नोभेम्बर २००६ को बृहत् शान्ति सम्झौताको परिपालनामा त्रुटि हुन गएको र सहमति भइसकेको प्रक्रिया अपनाउनेतर्फ बेवास्ता भएको देखिन्छ। नेताहरूले एउटा नयाँ सहमतिको खोजी गर्ने बताएका छन् र आउँदो अप्रिल महिनाको मध्यतिर चुनाव गर्न उनीहरू राजी पनि भएका छन्, तर ती समस्याहरूको समाधान गर्नेतर्फ भने उनीहरूले चासो देखाउन बाँकी नै छ जसका कारण यसअघि चुनाव सार्न परेको थियो। पार्टीहरूबीच आपसी आशङ्का विद्यमान छ। खासगरी सरकारमा हात माथि भएको नेपाली काङ्ग्रेस र सरकारबाहिर रहेको माओबादीबीच देखिएको त्यस्तो आशङ्काले गर्दा पार्टीहरूप्रति जनविश्वास घटेको छ। नेताहरूका कैयौं बाचा र प्रतिज्ञा सुनिसकेकाले धेरै जनता नेताहरू केवल सत्तामा टाँस्सिरहन चाहन्छन् र चुनावमा जान चाहँदैनन् भन्ने ठान्छन्। सरोकारवाला सबै पार्टीहरूले तुरुन्तै शान्ति प्रक्रियालाई गति दिन जरुरी छ र गुमेको जनविश्वास तथा वैधानिकता फेरि प्राप्त गर्न उनीहरूले कदम चालिहाल्नुपर्छ। उनीहरूलाई अन्तर्राष्ट्रिय समुदायबाट यस कार्यमा सहयोग मिल्न सक्छ, तर अन्तर्राष्ट्रिय समुदायले चुनाव र शान्ति प्रक्रियालाई लिकमा राखिराख्न दबाब पनि दिइरहनु पर्ने हुन्छ।

शान्ति प्रक्रिया प्रारम्भदेखि नै साझा दृष्टिमा नभई स्वार्थहरूको मेलमा आधारित थियो। राजतन्त्र बलियो भएर आउने खतराले गर्दा मूलधारका पार्टीहरू र माओवादीहरूलाई एकआपसमा गठजोड बनाउन कर लागेको थियो। तैपनि उनीहरूको साझा स्वार्थ भनेको सत्तामा बसिरहनु नै हो। निर्वाचन पक्कापक्की हुने अवस्था रहँदा पनि देखावटीबाहेक कुनै पार्टीले संवैधानिक प्रक्रियामा बृहत्तर जनसहभागिता जुटाउनेतर्फ खासै चासो देखाएनन्। शान्ति प्रक्रियालाई अघि बढाउनका लागि दिइएको जनदबाबबाट समेत नेताहरूमा कुनै प्रभाव परेको पाइएन। नागरिक समाज विभाजित छ र दबाब बढाउनलाई चाहिने उपायहरू जनतासामु छैनन्। जन-आन्दोलनको ब्रह्मास्त्र फेरि चलाउन सकिने सम्भावना पनि हाललाई देखिँदैन। रचनात्मक सुझाउहरू राख्ने ठाउँहरू कम छन्, संसदीय प्रतिपक्ष कमजोर छ र त्यसको संवैधानिक जग पनि फितलो छ।

शान्ति योजना आफैंमा त्रुटिपूर्ण थिएन। तर त्यसले सबै पार्टीहरूका आचरणमा सुधार खोजेको थियो, जसका लागि नोभेम्बर २००५ मा मूलधारका पार्टीहरू र माओवादीबीच सम्झौता हुँदाको बखतमा नै त्यसको परिपालनाका लागि समेत प्रतिबद्धताको खँदिलो आधार तयार पार्नुपर्ने थियो। अति महत्त्वका निकै विषयहरूलाई पछि सल्टयाउने भनी उस बेला अनिर्णित छाडिए। त्यसैले साझा मञ्च खस्कँदै जानुमा आश्चर्य मान्नु परोइन। सत्ता साझेदारीमा पहिले रहेको सहमतिका ठाउँ एकपक्षीय अडान र निजी स्वार्थको रगडाले लिएको छ। निर्वाचन हुने देखेर सबै आआफ्नै दाउपेचमा लागेका छन् र त्यसबाट एकता झनै कमजोर हुन पुगेको छ। सात दलबीच आपस्तमा संवाद बन्द नभए पनि एकअर्काप्रति लाञ्छना लगाउने काम भने बढेको छ।

केही उपायहरू सामुन्ने देखा नपरेका होइनन्, यद्यपि तिनबाट गतिलो जनसमर्थन जुटाउन सकिने सम्भावना टाढै छ। माओवादी र राजतन्त्र पक्षधर विद्रोही काङ्ग्रेसी नेताहरूबीचको "राष्ट्रवादी गठबन्धन" बारे गाइँगुइँ पनि नसुनिएको होइन। त्यस्ता कुरा हाललाई मोलमोलाइका चाल मात्र हुन सक्लान्, तर तिनले सात दलबीचको निफर सम्बन्धलाई इङ्गित गर्दछन्। यस्ता कार्य-व्यवहारबाट उत्पन्न हुन सक्ने संवैधानिक जटिलता आफ्नै ठाउँमा छन् (अन्तरिम संविधानलाई सक्रिय पारिराख्नाका लागि सात पार्टी एकता अनिवार्य छ)। निर्वाचन पर सारिनाले सत्तासीनहरूका साथसाथै दरबार र सेना खुसी नै भएका होलान्, तर हालको गतिरोध लम्बिन जानाले मुलुकलाई भने किञ्चित लाभ हुनेछैन। अहिलेको स्थितिबाट काठमाडौंमा एउटा हदको स्थायित्व आउन सक्ला र सत्ता साझेदारीको नयाँ फर्मुलाले केही हदतक काम पनि गर्ला, तर देशमा विद्यमान उथलपुथलको परिस्थिति राजधानीमा खेलिने राजनीतिक खेलहरूमा सही रूपमा प्रतिबिम्बित हुन छाडेको धेरै भइसकेको छ।

चिराचिरा पर्दै जान लागेको राष्ट्रलाई एक ढिको पारिराख्न काठमाडौंको वैभवलाई बाँडफाँड गर्नेबाहेक अरू प्रयास पनि जरुरी छ। त्यस्तो प्रयास व्यवहारमा देखिनुपर्छ, अब झारा तिराई काम लाग्दैन र त्यस्तो झारा तिराईले कुनै अर्थ पनि राख्दैन। दुवै थरी सशस्त्र शक्तिहरूले आआफ्ना पक्षउपर झन्झन् ठूलो दबाब दिन थालेका छन्। दुवै शक्ति पराजित भएका छैनन् र दुवै पक्ष आआफ्ना प्रभाव क्षेत्र स्थापित गर्न चाहन्छन्। माओवादी लडाकाहरू ठूलो सङ्ख्यामा सैन्य शिविरहरू छाडेर बाहिर निस्केका छन्। संयुक्त राष्ट्रको छानबिन प्रक्रिया पूरा भएपछि माओवादी सैनिक नठहरिएका हजारौं व्यक्तिहरू यसै पनि शिविरबाट बाहिरिनेछन् र त्यसरी बाहिरिनेहरूलाई के गर्ने सोबारे कुनै योजना रहेको छैन। मुलुकको निकै ठूलो भागमा माओवादीका समानान्तर सङ्गठनहरूको अझै दबदबा छ। यसमा खासगरी यङ्ग कम्युनिस्ट लिग (वाई.सी.एल.) को वर्चस्व उल्लेखनीय छ, जसलाई जनमुक्ति सेनाका कमान्डरहरूले हाँकेका छन्। अर्कोतिर पहिचानमा आधारित आन्दोलनहरूले राजनीतिक हिसाब-किताबलाई गज्याङमज्याङ पारिदिएका छन् र शान्ति सुरक्षालाई खल्बल्याइदिएका छन्। एउटा

नयाँ पार्टी खोल्नलाई नेकाका एक जना मन्त्रीलगायत अन्य मधेसी सांसदहरूले दिएका राजीनामाले तराईमा उत्पन्न अशान्ति अब राष्ट्रियस्तरको सत्ता सङ्घर्षमा दखल पुऱ्याउन सक्ने भएको छ भन्ने बुझाउँछ।

यस्तो अस्थिर परिस्थितिमा कसैले नचाहे पनि नेपाल फेरि द्वन्द्वको भुमरीमा फस्न जाने खतरा छ। दुवै सेना सिंगौरी खेल्न तम्तयार बसेका छन्। विश्वास जगाउन गरिने प्रयासहरूमा सारतः परस्परविरोधी यी शक्ति संरचनाबाट बाधा पुग्न जान्छ। यस्तो अवस्थामा आफूलाई सुधार्न र नयाँ जनादेश प्राप्त गर्न जाँगर नदेखाउने पार्टीहरूलाई जनताले साथ नदिन सक्नेछन्, किनभने जनताको आँखा खुलेको छ। धेरै मानिस शान्ति बहाल गर्ने र संरचनागत परिवर्त्तन ल्याउने मौका गुमिसकेको ठान्छन्। यसबाट लडाका समूहहरूलाई फाइदा पुग्नेछ। एउटै आशालाग्दो कुरा के भने अहिलेसम्म भएका सहमति र सम्झौताहरूको कार्यान्वयनलाई प्राथमिकता दिनुपर्छ भन्ने धारणा सबै पार्टीहरूमा बढ्दै गएको पाइएको छ। यस धारणाका साथसाथै आउँदो अप्रिलको मध्यमा गराउने भनिएको चुनावका लागि आवश्यक वातावरण तयार पार्ने इच्छाशक्ति पनि भएमा त्यसले बृहत्तर जनसमर्थन प्राप्त गर्न सक्ने थियो र मुलुकलाई पनि स्थायित्व प्रदान गर्न सक्ने थियो।

सात पार्टीहरूले (सरकार र माओवादीसमेतले) निम्न कार्य गर्नुपर्छ :

- यथोचित् उपायहरूद्वारा आपस्तमा विश्वाश जगाई तुरुन्त एकता कायम गर्ने, बृहत् शान्ति सम्झौतामा अन्तरनिहित साझा दृष्टिकोणप्रति संयुक्त रूपमा पुनः प्रतिबद्धता व्यक्त गर्ने, सहमतिपूर्ण निर्णय-प्रक्रिया विकसित गर्ने र माओवादीलाई सरकारमा फर्काउन पूर्ण पारदर्शी ढङ्गले सत्ता साझेदारीबारे सम्झौता गर्ने। त्यसका लागि आवश्यक परे मन्त्रिमण्डलमा फेरबदल गर्ने तथा चुनावपछि सहमतिका आधारमा बन्ने सरकारको स्वरूपबारे छलफल गर्ने;

- व्यवहारद्वारा आफ्नो प्रतिबद्धता जाहेर गर्ने, माओवादीहरूले समानान्तर गतिविधि रोक्ने र बृहत् शान्ति सम्झौताको अवहेलना हुन नदिने अनि अन्य पार्टीहरूले दलीय स्वार्थ नहेरी आफ्ना वचनबद्धता पूरा गर्ने;

- विधायिका संसदमा प्रतिनिधित्व भएका तथा निर्वाचन निम्ति दर्ता भएका अन्य दलहरूसित र नागरिक समाजसित संवाद कायम राख्दै चुनाव र शान्ति प्रक्रियाका लागि बृहत्तर आधारशीला तयार पार्ने, सङ्कीर्ण स्वार्थलाई प्रश्रय दिएको आरोपबाट जोगिने र सहमति निर्माण गर्न विशेष संयन्त्र तयार पार्ने;

- बृहत् शान्ति सम्झौता तथा तदनुरूप भएका अन्य सम्झौताहरूको कार्यान्वयन भएनभएको पुनरावलोकन गर्ने, अधिकारसम्पन्न समितिहरू खडा गर्ने (उनीहरूको कार्यप्रगतिबारे जनतालाई नियमित तवरमा जानकारी दिने), सुरक्षा क्षेत्रको सुधारजस्ता विषयहरूउपर छलफल चलाएर यसअघिका सम्झौता वार्तामा रहन गएका छिद्रहरूलाई पुर्ने काम गर्ने;

- नेकाको मातहतमा रहेको शान्ति तथा पुनर्निर्माण मन्त्रालयले निर्वाह गरेको भूमिकाको पुनरावलोकन गर्ने अनि शान्ति सम्बन्धी कार्यको सुपरीवेक्षण गर्न स्वतन्त्र अनुगमन एकाइसहितको सर्वपक्षीय संयन्त्र बनाउनेतर्फ विचार गर्ने;

- निर्वाचन गम्भीर र महत्त्वपूर्ण विषय हो भनी जनसाधरणलाई बुझाउन उपयुक्त संयन्त्र विकसित गरी संवैधानिक प्रक्रियाबारे पुनः ध्यान केन्द्रित गर्ने;

- भरपर्दो जनसुरक्षा योजना विकसित गरी प्रहरीउपरको जनविश्वास बढाउने, विधिको शासन कायम गराउने र राज्य वा राज्यइतर जुनसुकै पक्षबाट भएका अपराधउपर कारबाही गर्ने तथा कम्तीमा सात पार्टी र स्थानीय समुदायको सहमतिका आधारमा स्थानीय सरकारी निकायहरू पुनर्स्थापित गराउने;

- महिला, जनजाति, मधेसी, दलित तथा अन्य समूहहरूको प्रतिनिधित्वबारे भएका सम्झौताहरूको कार्यान्वयन थालेर राजनीतिक समावेशीकरण बढाउन ध्यान दिने ।

त्यसका साथै अन्तर्राष्ट्रिय समुदायले निम्न कुरा गर्नुपर्दछ :

- निर्वाचनको व्यवहारसम्मत मार्गचित्र बनाउन दबाब दिने खालको साझा सन्देश जारी गर्ने, सम्बन्धित सबैलाई समर्थन र सहयोग दिए पनि शान्ति र प्रजातन्त्रप्रति स्पष्ट प्रतिबद्धता देखिएको अवस्थामा मात्र उनीहरूलाई अन्तर्राष्ट्रिय मान्यता मिल्ने कुरा स्मरण गराउने;

- संयुक्त राष्ट्रको नेपाल मिसन (अनमिन) ले आफ्नो भूमिकाबारे प्रस्ट्याउने काम जारी राख्नुपर्छ र पारदर्शिता नभएको भन्ने आलोचनाको जवाफमा जनसंवाद बढाउनुपर्छ; र

- दाताहरूले सबै पार्टीहरूबाट स्वीकृति पाएको र शान्ति प्रक्रियाका उद्देश्यसित मिल्ने खालका स्थानीय शासनलाई बलियो बनाई विश्वासको वातावरण निर्माणमा सहायक हुने, स्थानीय समुदायमा सेवा उपलब्ध गराउने र शान्ति प्रवर्द्धन गर्ने आयोजनाहरूलाई मात्र सहयोग पुऱ्याउने।

## २. धान्न नसकिने गतिरोध

### क) शान्ति प्रक्रियालाई के भयो?

संविधानसभाको निर्वाचन तिथि दुई पटक सरिसकेको छ।[1] जून २००७ मा हुने भनिएको निर्वाचन हुन नसकेपछि २२ नोभेम्बरको अर्को तिथि तोकियो। त्यसलाई पनि ५ अक्टोबरमा गएर थाँती

[1] अक्टोबर २००७ मा निर्वाचन स्थगित गर्नुपर्ने राजनीतिक कारणहरूबारे हेर्नुहोस् क्राइसिस ग्रुप एसिया ब्रिफिङ नं. ६८, *नेपालको नाजुक शान्ति प्रक्रिया,* २८ सेप्टेम्बर २००७। क्राइसिस ग्रुपका अन्य प्रतिवेदनहरूमा एसिया रिपोर्ट नं.१२८, *नेपालको संवैधानिक प्रक्रिया,* २६ फेब्रुअरी २००७, रिपोर्ट नं. १३२ *नेपालका माओवादीहरू : विशुद्धतावादी कि व्यवहारवादी?,* १८ मे २००७ र रिपोर्ट नं. १३६, *हिंसाको तापमा नेपाल तराई,* ९ जुलाई २००७। उल्लेखित रिपोर्टका नेपाली रूपान्तर www.crisisgroup.org मा हेर्न सकिन्छ।

राखियो। नोभेम्बरको निर्वाचन तिथिलाई पर सार्नुपर्ने तात्कालिक कारणमा माओवादीहरूले राखेका मागहरू थिए, जसले गर्दा सात पार्टी गठबन्धनभित्रको राजनीतिक परिस्थिति बदलिन सक्ने लक्षण देखा परे।[२] माओवादीहरूले एमालेसित अस्थायी मोर्चा बनाएर अन्तरिम विधायिकालाई साङ्केतिक रूपमा महत्त्वपूर्ण तर परिपालना गर्न बाध्यकारी नभएको तत्काल गणतन्त्र घोषणा गर्ने (क्रमिक रूपमा कार्यान्वयन गर्दै लैजाने) र (प्रस्ट व्याख्या भइनसकेको) पूर्ण समानुपातिक निर्वाचन पद्धतिबारेको प्रस्ताव पारित गराउन उपयोग गरे। अन्तरिम संविधान (जसमा १५ डिसेम्बरभन्दा ढिलो निर्वाचन गर्न नहुने भनी तोकिएको थियो) संशोधन गर्ने म्याद सकिएपछि पार्टी नेताहरूले मध्य अप्रिलको तिथिउपर सहमति जनाए, यद्यपि अन्य विषयउपर वार्ता चलि नै रह्यो।

अहिलेको गतिरोधले ठूला राजनीतिक पार्टीहरूलाई कुनै हानि पुऱ्याएको छैन, न त शक्तिशाली संस्थाहरूलाई नै यसबाट नोक्सानी भएको छ। सरकारमा रहेका छ पार्टीहरूले निर्वाचन पर सार्ने कुरालाई जुन तत्परतासाथ स्वीकारे त्यसबाट माओवादीहरूले खडा गरेका अवरोधप्रति उनीहरू क्रुद्ध नभई सन्तुष्ट भएका देखिए। हुन त एमाले चुनावमा जान तम्तयार देखिन्थ्यो र अन्य मुद्दाहरू (जस्तै खोसिएका जमिन फिर्ता गर्नेबारे माओवादीहरूले देखाएका धिङ्न्याई) का कारण निराशा पनि बढ्न गयो। मतदाताहरूको जनादेश लिन नपरेकामा पार्टीहरूबीच त्यतिविघ्न तनाव हुने छाँट देखिँदैन, बरु सदैव निजी लाभ पाउने ध्यानमा मग्न रहने विधायकहरू भने यसबाट प्रसन्न नै भएका होलान्।

दरबार पनि यस ढिलाइबाट खुसी नै भएको हुनुपर्छ। राजाले हाल साधेको मौनताबाट केही हदसम्म राजाको गुमेको प्रतिष्ठा फर्काउन मद्दत पुग्ला भनी दरबारले आशा राखेको हुन सक्छ। आफूलाई राजनीतिक दाउपेचबाट टाढा राखाले र सक्रिय संस्थाका रूपमा आफ्नो छवि प्रस्तुत गर्नाले सेनालाई फाइदा नै भएको छ। राष्ट्रवादी भावनाले जोड पकडिएमा दरबार र सेना दुवैलाई फाइदा पुग्ने स्थिति छ, उनीहरूले बाह्य प्रभावबाट राज्यको सार्वभौमिकताको रक्षा गर्न सक्ने आफ्नो पुरानो छविको उपयोग गर्न सक्नेछन्। अन्तरिम संविधानले पाखा लगाएको र सबै प्रमुख पार्टीहरूबाट पन्छाइएको भए पनि राजनीतिक हिसाबकिताबमा दरबारको आफ्नै हैसियत छ। माओवादीलगायत सबै पार्टीहरूले भित्रभित्रै दरबारसित सम्पर्क कायम राखेका छन्। राजनीतिक परिदृश्यलाई निर्धारित गर्ने गठबन्धनहरूको सूक्ष्म जालोमा दरबार यस्तो शक्तिकेन्द्र हो जसलाई कसैले पनि बेवास्ता गर्न सक्दैन र सबै आफ्नो पक्षमा राख्न चाहन्छन्। नेपालको सबैभन्दा शक्तिशाली एकल संस्थाका रूपमा रहेको सेना राजाबाट केही टाढा हटेर नेपाली काङ्ग्रेसनेर गएको छ। सेनाको अडानमा आउने फेरबदलले शक्तिसन्तुलनमा आनका तान फरक पार्न सक्छ।

माओवादीहरूले आम जनकारबाही गर्ने र जनमुक्ति सेना दशकौँसम्म लड्ने धम्की जतिसुकै दिए पनि उनीहरूका सामु रहेका विकल्प सीमित छन्। उनीहरू राजनीतिक प्रक्रियाभित्र रहन सक्नेछन् र दबाबका गैरसंसदीय उपायहरू पनि अवलम्बन गर्न सक्नेछन्। यसले गर्दा निकै ठूलो उथलपुथल हुन सक्छ। तर नरमपन्थी जनमतलाई चिढाउनेबाहेक उनीहरूलाई त्यसबाट के फाइदा हुन्छ त्योचाहिँ भन्न गाह्रो छ। सार्थक रूपको दबाब सृजना गर्नका लागि सीमान्तीकृत समूहहरू तथा छ पार्टीको गठबन्धन सरकारसित रुष्ट समूहहरूसित मितेरी गाँस्नुपर्ने हुन्छ। यस्तो गर्न सम्भव भए पनि उनीहरूको विश्वास आर्जन गर्न माओवादीहरूले आफ्नो कार्य-व्यवहारमा ठूलै परिवर्तन ल्याउनुपर्ने हुन्छ।

फेरि पहिलेझैं विद्रोह सुरु गर्ने सम्भावना नरहेको होइन तर जङ्गल फर्कने कुराप्रति माओवादी नेतृत्वले देखाएको स्पष्ट अरुचिले गर्दा विद्रोहको खतरा छ भन्ने कुरामा दम नभएको देखिन्छ। त्यसको ठाउँमा बरु सहरकेन्द्रित आन्दोलन हुन सक्ने कुराचाहिँ बढी पत्यारिलो देखिन्छ। किनभने युद्धविरामको घोषणापछि माओवादीहरूलाई राजधानी र अन्य मुख्य केन्द्रहरूमा आफ्नो उपस्थिति दह्रो बनाउने मौका मिलेको छ। तर यस्तो आन्दोलनबाट निर्णायक ढङ्गको राजनीतिक लाभ प्राप्त हुने वा विजय प्राप्त हुने आशा भने राख्न सकिन्न। वाई.सी.एल.को स्थानीय स्तरमा प्रभाव रहेको छ, काठमाडौंमै पनि त्यो प्रभाव देखिएको छ। तर यसबाट प्राप्त हुने रणनीतिक लाभ त्यति सोझो र स्पष्ट छैन। यसले जुन आकार ग्रहण गरेको छ र यसको परिचालन जुन ढङ्गबाट भएको छ त्यो आफैँमा माओवादीका लागि टाउको दुखाइ बन्न सक्छ। अरू पार्टीहरूको सहयोगबिना यसको गतिविधिमा कटौती गर्न र वैकल्पिक रोजगार उपलब्ध गराएर यसका कार्यकर्ताहरूलाई अल्झाएर राख्न सकिँदैन।

यस गतिरोधले शान्ति सम्झौतामा अन्तरनिहित कमजोरिहरूलाई उजागर गरेको छ। बृहत् शान्ति सम्झौताको सोझो कार्यान्वयन मात्र पर्याप्त हुँदैन। त्यस सम्झौताले धेरै विषयबारे हचुवा व्यवस्था गरेको छ, त्यसको संरचना अस्पष्ट किसिमको छ र त्यसका केही प्रावधानहरू (जस्तै जमिन फर्काउने र भूमिसुधार तथा सुरक्षा क्षेत्रका सुधारका विषयहरू) लाई थप छलफल र वार्ताबिना व्यवहारमा उतार्न सकिँदैन। नोभेम्बरको चुनाव स्थगित गर्नाले यसै पनि विश्वास घट्न गएको छ, यस्तो अवस्थामा यसअघि भएका सहमतिका बुँदाहरूलाई कार्यान्वयन गर्नु नै धौधौ छ त्यसमाथि छुट हुन गएका विषयहरूउपर नयाँ सम्झौता वार्ताको थालनी हुने कुरा सोच्नु त कोरा कल्पना हुन जान्छ।

## ख) नयाँ सहमति?

नेकपा (माओवादी) लगायत सरकारमा रहेका सबै पार्टीहरू एकअर्कासँग मिलेर अझै काम गर्नु छ भन्नेमा सहमत छन्। अहिलेको चुनौतीलाई धेरैले "नयाँ सहमति" बन्ने अवस्था भनेका

---

[२] यस आलेखमा "सात पार्टी" भन्नाले मूलधारका छओटा पार्टीहरू र नेकपा (माओवादी) लाई जनाउँछ। "छ पार्टी" भन्नाले नेपाली काङ्ग्रेस र नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) पुनः एकीकरण हुनुअघिको "सात पार्टी गठबन्धन" लाई नै बुझाउँछ। क्राइसिस ग्रुपका यसअघिका रिपोर्टहरूमा यस गठबन्धनलाई "सात पार्टी गठबन्धन" भनेरै उल्लेख गरिएको थियो। तर नेपाली प्रेसमा छ पार्टीको समूह वा छ पार्टी र नेकपा (माओवादी) को गठजोड बुझाउनलाई पनि "सात पार्टी गठबन्धन" भन्ने गरिन्छ, यद्यपि उनीहरूलाई बाँध्ने कुनै गठबन्धन अस्तित्वमा छैन। मूलधारका छ पार्टीहरूमा निम्न पार्टीहरू पर्दछन् : नेपाली काङ्ग्रेस, नेकपा (एमाले), नेपाल सद्भावना पार्टी (आनन्दीदेवी), जनमोर्चा नेपाल, नेपाल मजदुर किसान पार्टी र संयुक्त वाममोर्चा।

छन्। शान्ति सम्झौतामा अन्तरनिहित सहमति माओवादीले सेप्टेम्बरमा अल्टिमेटम नदिँदासम्म टिकेकै मान्नुपर्छ। तर शान्ति सम्झौतामा तीन कमजोरी रहेका थिए। पहिलो, त्यो सम्झौता दीर्घकालीन साझा दृष्टिकोणमा भन्दा तात्कालिक साझा स्वार्थमा अडिएको थियो।[३] दोस्रो, त्यसको आधार सत्ताको बराबरी बाँडफाँड थियो, जसको सन्तुलन सरकारमा काङ्ग्रेसको दबदबा रहनाले र सरकारबाट माओवादी बाहिरिनाले खल्बलिन गयो। तेस्रो, सात पार्टी गठबन्धन र माओवादी एउटै राजनीतिक धारमा रहनेछन् भन्ने अनुमान उस बेला गरिएको थियो। अप्रिल २००६ देखि वर्षको अन्त्यसम्म त्यो अनुमान पत्यारलाग्दो नै देखिएको थियो पनि। (हरेक प्रकारका राजावादीहरू तिरस्कृत थिए र अरू समूहको टाउको उठाउने हिम्मत थिएन)। तर सन् २००७ को सुरुदेखि मूलधारका पार्टीहरू र माओवादी गठबन्धनले राष्ट्रको राजनीतिक चरित्रलाई प्रतिनिधित्व गर्न नसकेको प्रतीत हुन्छ।

तथापि आधारभूत संरचना भने साबुत छ र यसलाई भत्काउने वा बिगार्ने आँट कसैले गर्न सक्दैन। माओवादीहरू एक्लै अघि जान सक्दैनन् र अरू पार्टीहरू माओवादीको साथबिना सरकार चलाउन सक्दैनन्। गठबन्धनका घटकहरूमा गठजोडका अन्य सम्भावना खोज्ने चाहना नभएको होइन, तर त्यस्तो विकल्प देखा पर्न सकेको छैन। त्यसैले सहमतिको नवीकरण हुनु तार्किक कुरा हो र हुन सक्छ पनि।

**सिद्धान्त र राजनीति।** सहमतिको नवीकरण गर्ने नीतिगत आधार दीर्घकालीन लक्ष्य र शान्ति प्रक्रियाबारे फरक दृष्टिकोणलाई समाधान गर्नाले प्राप्त हुन्छ। त्यसका लागि यथेष्ट साझा आधारभूमि उपलब्ध छ। उदाहरणका लागि, माओवादीहरू आफ्नो बुझाइको "लोकतान्त्रिक गणतन्त्र" अरू पार्टीहरूको भन्दा बिल्कुलै भिन्न रहेको बताउँछन्। तर सङ्घीय गणतन्त्रको स्वरूपबारे ढिलो गरी भएको छलफलले विचारको त्यस्तो खाडललाई पुर्न सकिन्छ भन्ने देखाएको छ। बृहत् शान्ति सम्झौता र अन्तरिम संविधानबाट नौलो संवैधानिक व्यवस्थाका लागि आवश्यक मूलभूत सिद्धान्तहरू कोर्ने काम भइसकेको छ। राज्यको पुनर्संरचनाबारे थप कार्य गरेर ती सिद्धान्तहरूलाई अझ ठोस स्वरूप दिन सकिन्छ।

**सत्ता।** राज्यशक्तिउपर पकड राख्ने चाहना सबैमा देखिएको हुँदा शक्तिको बाँडफाँडबारे पुनर्विचार गरिनु असान्दर्भिक हुनेछैन। सत्ता साझेदारीमा नेकाको हात माथि छ, जुन कुरा अरू पार्टीहरूका लागि चित्त नपर्ने विषय रहेको छ। त्यसमाथि सेप्टेम्बरमा भएको नेकाको पार्टी एकीकरणपछि त उसको संसदीय हैसियत झनै बढ्न गएको छ। दुइतिहाई मत चाहिने संविधान संशोधनको कुनै पनि प्रयासलाई नेकाले रोक्न सक्दछ। (देउवाले नेतृत्व गरेको नेका (प्रजातान्त्रिक) छुट्टै रहँदा त्यो अवस्था थिएन)। तर त्यसका साथै अन्तरिम विधायिका संसदमा नेकाको बहुमत नभएकाले संसदमा उसले राखेका प्रस्तावहरू पारित हुन नसक्ने स्थिति पनि छ। त्यसबाहेक, एमालेले सरकारबाट हात झिकेको खण्डमा नेका अल्पमतको सरकार चलाउने अवस्थामा पुग्नेछ।

प्रधानमन्त्रीको पदबाहेक नेकाको हातमा गृह, अर्थ, रक्षा र शान्ति तथा पुनर्निर्माणजस्ता पाँचमध्ये चार अति महत्त्वका मन्त्रालयहरू छन्। (शान्ति प्रक्रियाको परिपालनाका लागि पछिल्लो मन्त्रालयको निर्णय अनिवार्य छ।) एमालेको अधीनमा परराष्ट्र मन्त्रालय रहेको छ, तर बाहिरबाट आउने उच्चपदस्थ व्यक्तिहरूदेखि लिएर राजदूतहरूलाई भेट्ने र महत्त्वपूर्ण विषयहरूमा उनीहरूसित परामर्श गर्ने काम तथा ठूला निर्णयहरू प्रधानमन्त्री आफैं गर्छन्। अर्थ मन्त्रालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालय दुवै नेकाको नियन्त्रणमा रहेकाले राहत कोषको निकासामा उसले बिर्को लगाइदिन सक्छ। त्यसले गर्दा ती मन्त्रालय नेकाको हतियार बन्न पुगेको छ भन्ने आलोचना पनि हुने गरेको छ। प्रधानमन्त्रीको कार्यालयमा पूरै शक्ति केन्द्रित रहनु, राष्ट्रप्रमुख नभएको अवस्था रहनु र लगाम लगाउने संयन्त्रको अभाव हुनु आदि कारणले प्रधानमन्त्री सरकारका सर्वेसर्वा देखिएका छन्।[४] त्यस्तो महत्त्वको पदमा टिकिरहन जोसुकैबाट भरमग्दुर प्रयास हुनु स्वाभाविक हो। सङ्क्षेपमा भन्ने हो भने सरकारको जुन ढाँचा र कार्यशैली छ त्यो सहमति र सहयोगमा जोड दिने खालको नभई त्यसको ठीक विपरीत छ।

आआफ्ना राजनीतिक वर्चस्व कायम राख्नका लागि सबै पार्टी सरकारमा हिस्सेदारी चाहन्छन्। यो स्वाभाविक राजनीतिक खेल हो र यस खेलमा नेकपा (माओवादी) लगायत सबै पार्टीहरू संलग्न छन्। सत्ताको अन्तरिम बाँडफाँडमा एमाले र नेकपा (माओवादी) का भागमा नेकाको हेरी कम प्रभावशाली ठाउँ परे — एक विश्लेषकका शब्दमा "नेकाको जुठोपुरो" मात्र उनीहरूका भागमा पारिए। सम्भवतः माओवादीले सरकारमा सर्वाधिकार नखोजी अरूसरह हिस्सेदारी मात्र खोजेको हुन सक्छ जसले गर्दा उनीहरू आफ्नो समर्थनका आधारलाई बलियो राखिराख्न सकुन्। माओवादीले राखेका ठूलठूला मागहरूबाहेक उनीहरूका सरोकारका विषय यस्ता छन् जुन उनीहरूका समर्थकहरूको चित्त बुझाउन आवश्यक छन्। शिविरका लागि खर्चबर्च तथा सुविधा जुटाउने, शहीदका परिवारका लागि क्षतिपूर्ति दिलाउने, बेपत्ता पारिएकाहरूबारे यकिन गराउने र घाइतेहरूको हेरविचार गराउने ती सरोकारका विषय हुन्।[५] माओवादीहरूले २२ अगस्तमा राखेका २२ सूत्रीय मागहरू र उनीहरूबाट १८ सेप्टेम्बरमा गरिएको सरकार परित्यागलाई निर्वाचन रोक्ने हतास चेष्टाका रूपमा हेरियो, किनभने निर्वाचनप्रति उनीहरू ढुक्क थिएनन्। एक अर्थमा उनीहरूको त्यो चाल सफल भएको मान्नुपर्छ, किनभने तीन महिनादेखि बाँकी रहेको झन्डै रु. २७ करोड ९० लाखको शिविरको महिनावारी खर्च रकम निकासा भयो। यद्यपि प्रमाणीकरणपछि शिविरमा राखिएका लडाकाहरूको सङ्ख्याका

[३] मूलधारका पार्टीहरू र माओवादीलाई पहिलो पटक एक ठाउँमा ल्याउने हचुवा तालको बाह्रबुँदे सम्झौताबारे क्राइसिस ग्रुपको *नेपालको नयाँ गठबन्धन,* माथि उल्लखित र बृहत् शान्ति सम्झौतामा प्रकट भएको स्वार्थहरूको सम्मिलनबारे क्राइसिस ग्रुपको *नेपालको शान्ति सम्झौता,* माथि उल्लेखित, हेर्नुहोस्।

[४] हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको संवैधानिक प्रक्रिया,* माथि उल्लेखित।

[५] "राष्ट्रपतिको चुनाव संविधानसभापछि", बाबुराम भट्टराईसितको अन्तर्वार्ता, *हिमाल खबरपत्रिका,* २ डिसेम्बर २००७।

आधारमा मात्र खर्च निकासा दिने भनेर सरकारले सकेसम्म रकम घटाउन खोज्यो।[६]

**पार्टीहरू।** मूलधारका छओटा पार्टीहरूमध्ये नेका र एमालेको मात्र उल्लेखनीय हैसियत छ। फुटेर गएको नेका (प्रजातान्त्रिक) सेप्टेम्बरमा आएर मिसिए पनि नेका अझै नजुटेको र अनुशासनहीन अवस्थामा रहेको छ। पार्टीले गणतन्त्रात्मक बाटो रोजेकामा यसका वरिष्ठ नेताहरूले बारम्बार खुला रूपमा आलोचना गर्दै आएका छन्। प्रधानमन्त्रीकी छोरी सुजाता कोइराला गृहमन्त्री विरुद्ध खनिएकी छिन् र अन्तरिम संविधानलाई खारेज गरेर सन् १९९० को पुरानै व्यवस्था लागू गराउने पक्षमा छिन्। गठबन्धनको टेकोका रूपमा रहेको एमाले विभिन्न स्वार्थ बोकेका समूहहरूबीच सन्तुलन कायम गरेर बसेको छ। अरूका तुलनामा राम्रो चुनावी परिणाम ल्याउनेमा ढुक्क रहेको एमाले कहिले माओवादी विरुद्ध नेकासित र कहिले नेका विरुद्ध माओवादीसित मिल्ने गरेको छ। तुरुन्तै गणतन्त्र घोषणा गर्ने प्रस्तावमा माओवादीसित मिलेर भोट दिएकामा यसका आफ्नै नेताहरू पनि रुष्ट भएका थिए।

माओवादीहरूले राष्ट्रिय रूपमा निकै साख गुमाएका छन् र पहिले बडो दुःख गरेर उनीहरूले कमाएका अन्तर्राष्ट्रिय वैधानिकता पनि गुम्ने छाँट छ। उनीहरूले प्रतिपक्षको मिलीजुली प्रहार तथा अमैत्रीपूर्ण मिडियाको सामना गर्नुपरेको छ। यो केही मात्रामा उनीहरूका आफ्नै व्यवहारका कारण हुन गएको हो र केहीचाहिँ अरूका राजनीतिक निष्ठागत धारणाका कारण हो। उनीहरूले पाएका जनविश्वास पूरै गुमाउनअघि त्यसलाई जोगाउन कुन बाटो अवलम्बन गर्ने त्यो उनीहरूकै हातमा छ। उनीहरूले यस कुरालाई बुझेको प्रतीत हुन्छ, किनभने उनीहरूले त्यो जोगाउनेतिर पाइला चाल्न थालेका केही लक्षणहरू देखिएका छन्। तर उनीहरूले आफ्नो गतिविधि र व्यवहारमा साँच्चिकै परिवर्तन ल्याउन सकेमा (जस्तै, जबर्जस्ती चन्दा असुली बन्द गर्ने र राज्यका समानान्तर संरचनाहरूलाई तत्काल विघटन गर्ने काम) मात्र उनीहरूका व्यवहारप्रति शङ्काभाव राख्नेहरूको मुखमा बुझो लाग्न सक्छ र आफ्ना जायज मागप्रति जनसहानुभूति पाउन सफल हुनेछन्।

**सम्झौताको स्वरूप।** दुई प्रमुख मागउपर सम्झौता हुन सम्भव छ भन्ने कुरा संसदमा भएको भोटले देखाएको छ। माओवादीका शीर्ष नेताहरू गणतन्त्रको घोषणालाई सशक्त ढङ्गले अघि बढाउँछन् भने अर्कातिर समानुपातिक प्रतिनिधित्वबारे भने केही छुट दिन तयार देखिन्छन्। राष्ट्रवादी नेताहरू भने त्यसलाई ठीक अर्को तरिकाले हेर्दछन्। यसबारे सम्झौता गर्ने र त्यसको परिपालना सुनिश्चित गर्ने समय अझै बाँकी छ। अहिले माओवादीहरू गणतन्त्रको घोषणा सन् २००८ को मे महिनामा गरे हुन्छ भनिरहेका छन्। समानुपातिक र बढ्ता भोट ल्याउनेले जित्ने चुनाव प्रणालीलाई विवेकसम्मत ढङ्गले मिलाउन सकेमा त्यो प्रणाली काम लाग्ने हुन सक्छ। माओवादीहरूले आफ्नो राजनीतिक दर्शनको सर्वोच्चताबारे जति नै होहल्ला गरे पनि उनीहरूले आफ्नो हैकम लाद्न खोजेका भने देखिँदैन।[७] उनीहरू दोस्रो या तेस्रो स्थानका खेलाडी हुन राजी छन्। तर उनीहरू एउटा शक्तिका रूपमा आफूले मान्यता पाउनुपर्छ भन्ने चाहन्छन् र जनआन्दोलन थाल्ने तथा परिवर्तनको माग उराल्ने कामको सुरुआत उनीहरूबाटै भएको भनाउन चाहन्छन्। उनीहरू सम्झौताका लागि तयार छन् तर आत्मसम्मानलाई ताकमा राखेर होइन। उनीहरूलाई "नङ्ग्याउन" र नीचा देखाउन खोज्ने अरू पार्टीका व्यक्तिहरू प्रगतिका बाधक हुन् भन्ने उनीहरूको सोचाइ रहेको छ।

मन्त्रिमण्डलमा फेरबदल गरेमा प्रधानमन्त्रीलाई अलोकप्रिय मन्त्रीहरूलाई झिक्ने राम्रो मौका मिल्नेछ। पार्टीभित्र र बाहिरका धेरै मानिस गृहमन्त्री कृष्णप्रसाद सिटौला र शान्ति तथा पुनर्निर्माण मन्त्री रामचन्द्र पौडेलको कामबाट असन्तुष्ट छन्। नयाँ सहमतिअनुरूप अघि बढ्नलाई नयाँ किसिमकै राजनीतिक धार समाल्नु आवश्यक छ। पुरानो राजनीतिबाट वाक्क हुनेमा माओवादी मात्र छैनन्। जनअभिमत पनि राज्य हाँक्ने परिपाटीमा सार तथा शैली दुवै स्तरमा परिवर्तन हुनुपर्छ भन्ने पक्षमा छ।

## ग) जोखिमपूर्ण विकल्पहरू

सात पार्टीहरूले चाहेमा निर्वाचन अझै हुन सक्छ। मध्य अप्रिलको तिथि राजनीतिक र प्राविधिक दुवै हिसाबले सम्भव छ। निर्वाचनको प्राविधिक पक्ष भनेको प्राथमिक तवरमा परिवर्तित निर्वाचन पद्धतिबमोजिम तयारी गर्न चाहिने समय हो। प्रमुख निर्वाचन आयुक्तले नयाँ निर्वाचन ऐनले मिस्रित प्रणाली, कोटा वा पार्टीहरूको दायित्वसम्बन्धी व्यवस्थामा ल्याउने परिवर्तनअनुसार चाँजोपाँजो मिलाउनलाई आयोगलाई कम्तीमा पनि ११० दिन चाहिने कुरा बताइसकेका छन्। तर यी विषयहरूउपरको तानातानीको टुङ्गो बेलैमा नलगाउने हो भने अहिले तय गरिएको तिथिमा पनि निर्वाचन गराउन गाह्रो पर्नेछ। यस समयमा अन्य विकल्पउपर चर्चा पनि चलिरहेका छन्। प्रत्येक विकल्पले निम्त्याउने जोखिम आफ्नै खालका छन् र विद्यमान समग्र परिस्थितिबाट उत्पन्न हुन सक्ने जोखिम आफ्नै खालका छन्।

### १. "रूपान्तरण"

अन्तरिम विधायिकामा प्रतिनिधित्व गर्ने पार्टीका धेरै जना सांसदहरू उनीहरूको सङ्क्रमणकालीन भूमिका लम्बिएको र निर्वाचन तिथि पर

---

[६] शिविर निर्माण र रेखदेखको जिम्मेवारी सरकारको हो। सरकारले शिविरका तीनचौथाइ कटेराहरू बनाउन खर्च उपलब्ध गराएको छ, तर समग्रमा शिविरमा सरसुविधाहरूको अभाव छ। पछि गरिने प्रमाणीकरणमा जेसुकै भए पनि दर्ता भएका प्रत्येक लडाकालाई नोभेम्बर २००६ देखि नै लागू हुने गरी प्रतिमहिना रु. तीन हजार महिनावारी भत्ता दिन सरकारले मन्जुर गरेको थियो। महिनावारी भत्ताको पहिलो किस्ता रकम जून २००७ मा मात्र निकासा गरियो, त्यो पनि लडाकाहरूलाई व्यक्तिगत रूपमा नभई नेकपा (माओवादी) लाई एकमुष्ट दिइयो। तीन महिनाको दोस्रो किस्ताको रकम मध्य-अक्टोबरमा माओवादीका डिभिजन कमान्डरहरूका नाममा निकासा दिइयो।

[७] समानुपातिक र बढ्ता भोट पाउनेले जित्ने प्रणालीलाई ७०:३० को अनुपातमा बाँड्ने भूतपूर्व अमेरिकी राष्ट्रपति जिमी कार्टरले नोभेम्बर २००७ मा नेपाल भ्रमणताका सार्वजनिक रूपमा अघि सारेका प्रस्ताव मान्य हुन सक्छ। यो एमालेले यसअघि प्रस्ताव गरेको र भारतीय प्रधानमन्त्रीका विशेष दूत श्यामशरणले समर्थन गरेको ६०:४० को अनुपातकै आधारमा आएको हो।

सरेको हेर्न रुचाउँछन्। छ पार्टीको सरकारमा माओवादीबाहेक संसदमा रहेका अन्य पार्टीहरूलाई पनि समावेश गरेर फराकिलो संयुक्त सरकार गठन गर्ने हो भने यस कुरामा सबैको मञ्जुरी हुन सक्छ। हालको अन्तरिम विधायिकामै केही सदस्यहरू थपथाप गरेर प्रतिनिधित्वलाई सकेसम्म विविधतायुक्त पारी यसैलाई संविधानसभाको रूप दिलाउने प्रयासमा केही राजनीतिज्ञहरू निकै समयदेखि लागेका छन्। अरू केहीको सुझाउचाहिँ बृहत्तर प्रतिनिधित्व हुनेगरी एउटा गोलटेबुल बैठक अथवा राष्ट्रिय सम्मेलन गरेर अनिर्वाचित भए पनि त्यसैलाई संविधानसभाको रूप दिनुपर्छ भन्ने छ। त्यस्तो खालको सभा अथवा अन्तरिम विधायिका अथवा दुवैको समिश्रणबाट बनेको निकायले संविधान मस्यौदा गर्ने जिम्मा छुट्टै आयोगलाई दिनेछ। अनि त्यसको अनुमोदन गर्ने कामचाहिँ जनमतसङ्ग्रह वा निर्वाचित नयाँ संविधानसभाको पहिलो बैठकले वा सन् १९९० मा जस्तै नयाँ बनेको संविधानअन्तर्गत संसदीय निर्वाचन गराएर हुन सक्छ।

उपर्युक्त विकल्पका पक्षपातीहरू यसबाट स्थायित्व प्राप्त हुने र यो काम अप्रजातान्त्रिक पनि नहुने तर्क गर्दछन्। उनीहरूको भनाइमा संविधान लेखलाई निर्वाचित निकाय नै हुनुपर्छ भन्ने कुनै सर्वस्वीकृत नियम छैन र संविधान अनुमोदन गर्ने तरिका पनि धेरै छन्। यसमा खतरा के छ भने संविधान निर्माताहरू वा सरकार आफैंको वैधानिकताउपर प्रश्न खडा हुन्छ र समयको कसीमा खरो साबित हुने वा यसअघि बनेका पाँचओटा संविधानहरूभन्दा बेस ठहरिने संविधान बन्ने अवस्था रहँदैन। त्यसभन्दा पनि गाह्रो र अझ खतरनाक कामचाहिँ स्पष्ट जनादेशबिना राजतन्त्रको भविष्यजस्तो संवेदनशील विषयको टुङ्गो लगाउनु हुन्छ। निर्वाचन नगरी (संविधानसभाको होस् अथवा छुट्टै जनमतसङ्ग्रह) गणतन्त्र खडा गर्ने काम भएमा विद्रोह हुने कुरा सेनाले स्पष्ट पारिसकेको छ। राजा र उनका समर्थकहरू त्यस्तो अनिर्वाचित निकायद्वारा आफ्नो अहित हुने निर्णय लिइएको स्वीकार्ने छैनन्, त्यस्तो अवस्थामा भिडन्त अवश्यम्भावी हुनेछ। जे होस्, निर्वाचन टार्ने काम बाहिरी संसारको आँखामा पनि बदनियतपूर्ण देखिनेछ। एक विदेशी राजदूतले आफ्नो दिक्दारी यसरी व्यक्त गरे :

> चुनाव कसैलाई चाहिएको छैन — सबै मिलेमतोबाट कुरा मिलाउन चाहन्छन् ... पार्टीहरू र व्यक्तिगत तवरमा सासंदहरू सबैलाई हार्ने डर छ। हालको संसदमा रहेका ६० प्रतिशत काङ्ग्रेसी सदस्यहरू हट्नेछन्। तिनै हुन् “रूपान्तरण” को विचार सुरु गर्ने। यो जालसाजी र धोखाघडी हो, बठ्याइँको हद हो।[८]

## २. माओवादीबिनाको निर्वाचन

माओवादीहरूले निर्वाचन सम्बन्धमा उनीहरूको मात्र भिटो चल्दैन भनेर बुझ्नुपर्ने हुन्छ र माओवादीको सहभागिताबिनाको चुनाव पनि अनिष्टकारी नै हुन्छ। माओवादी बेगर चुनावमा जाने विचार प्रधानमन्त्री कोइरालाको हो, तर एमाले नेताहरूलगायत काङ्ग्रेसकै शेरबहादुर देउवा जस्ता नेताहरूले पनि त्यस विचारलाई मानेनन्। तथापि भारतीय कूटनीतिज्ञहरूका विचारमा त्यो कुरा दह्रो गरी भन्न सक्नुपर्छ :

> सबै राजनीतिक पार्टीहरू चुनावमा जाने र माओवादीहरूले चाहिँ चुनावमा भाँजो हाल्ने अवस्था आयो भने अन्तर्राष्ट्रिय समुदायले अरू पार्टीहरूलाई साथ दिनमा हिच्किचाइ रहन हुँदैन। भोलि राजनीतिक पार्टीहरूले चुनावको माध्यमद्वारा वैधानिकता प्राप्त गर्न चाहन्छन् भने हामीले उनीहरूलाई समर्थन दिनैपर्छ। यस प्रक्रियामा माओवादीहरूले भिटो लगाउन मिल्दैन र उनीहरूबिना चुनाव गर्नुहुँदैन भन्नु उनीहरूका हातमा भिटो दिनुजस्तै हो।[९]

चाहे माओवादी हुन् चाहे नेपाली काङ्ग्रेस, सेना वा अरू कुनै पनि शक्ति हुन् कसैको हातमा पनि चुनाव हुन दिने वा नदिने भिटो हुनुहुँदैन भन्ने सिद्धान्तप्रति प्रायशः सबैको समर्थन रहेको छ। त्यति भएर पनि यथार्थचाहिँ के छ भने शान्तिपूर्ण प्रक्रियालाई रोक्ने क्षमता भएको जोसुकैको हातमा भिटो रहे बराबर छ। तसर्थ कसैले पनि त्यस्तो भिटो प्रयोग गर्ने खालको वातावरण आउन नदिनु र एक पक्षलाई अर्को पक्षले पो केही गर्ला कि भन्ने शङ्का-सुबह रहन नदिनु शान्ति प्रक्रियाका लागि अपरिहार्य छ। माओवादीको विरोध हुँदाहुँदै चुनावमा जान खोज्नु भनेको लडाइँका लागि आह्वान गर्नु हो। लडाइँ गर्न हुने वा नहुने नैतिक प्रश्न आफ्नो ठाउँमा छ । तर त्यसरी फेरि युद्ध चर्काउँदा त्यो अतीतमा झैं सफल हुनेछ भन्ने कुराको कुनै ग्यारेन्टी छैन। माओवादीको शक्ति निस्तेज पार्न शाही नेपाली सेना असफल भएबाट दिक्दार भएरै नयाँ दिल्लीले द्वन्द्वको राजनीतिक समाधानको बाटो रोजेको थियो। तसर्थ, पूर्ण विजय सुनिश्चित नगरी सैन्यबल प्रयोग गर्ने कुरा गर्नाले माओवादी लडाकाहरूले बल पाउँछन्, सम्झौताबाट समाधान खोज्नेहरूको विकल्प हराउँछ तथा त्यसले यस्तो भिडन्तको स्थिति निम्त्याउँछ जसले चुनाव हुन सम्भव बनाउँछ भन्ने केही छैन।

## ३. जुनसुकै अवस्थामा खतरा

राजनीतिक मञ्चका पात्रहरूले अहिले हाइसन्चो महसुस गरिरहेका होलान्, तर स्थिति हाइसन्चोको छैन। अहिलेको अवस्थालाई केही बेरसम्म तानेर लैजान सकिने भए पनि छिटै यसले बाटो बिराउन सक्ने गम्भीर खतराहरू छन्। त्यस्ता केही खतराहरू निम्नबमोजिम छन् :

**द्वन्द्व फेरि सुरु हुने।** फेरि द्वन्द्व पूरै चर्किने वा “कू” हुन सक्ने देखिँदैन ( सत्ता कब्जा गर्ने योजना माओवादीहरूले कायमै राखेका भए पनि र सेनाको नेतृत्वमा “राष्ट्रवादी” शक्तिहरूद्वारा “प्रजातान्त्रिक कू” गर्ने चर्चा चलाइएको भए पनि)। तर नचाहँदा नचाहँदै पनि युद्धतर्फ धकेलिने स्थितिचाहिँ छ। दुवैतर्फको सेना मौजुद त छँदैछन्, संयुक्त राष्ट्रबाट माओवादी लडाकाहरूको प्रमाणीकरण सकिएपछि त्यसबाट पनि समस्या खडा हुन सक्नेछ। १० हजारभन्दा बढी लडाकाहरू प्रमाणीकरणमा असफल हुनेछन्। त्यसप्रकार शिविरबाट बाहिरिने लडाकाहरूलाई पुनःस्थापित गराउने योजना सीमित छ। व्यावसायिक तालिम लिएर रोजगारी पाएपछि तिनीहरू सन्चले बस्नेछन् भन्ने आशा गरिएको छ। तर ठूलो सम्भावनाचाहिँ के छ

[८] क्राइसिस ग्रुपसँगको अन्तर्वार्ता, नोभेम्बर २००७।

[९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नयाँ दिल्ली, डिसेम्बर २००७।

भने कि त उनीहरू असन्तुष्ट लडाकाहरूको समूहमा मिसिनेछन् कि माओवादीहरूबाटै कुनै नयाँ काममा खटाइन सक्नेछन्।

**माओवादी विभाजन।** माओवादी आन्दोलनभित्र अहिले तनाव छ। विरोधीहरू माओवादी टुक्रिएको हेर्न चाहन्छन्। त्यसरी टुक्रेमा नेताहरूलाई प्रजातान्त्रिक प्रक्रियामा अल्झाउन सकिनेछ र बाँकी कट्टर विद्रोहीहरूलाई सैन्यबलले परास्त गर्न सकिनेछ भन्ने उनीहरूको अनुमान छ। तर यसो भएमा झन् खतरा हुन्छ। माओवादी पार्टी फुटाउने प्रयत्न भएमा त्यसले शान्तिका हिमायतीहरूको होइन लडाका नेताहरूकै हात बलियो पार्नेछ। यसरी यो या त्यो छान्नुपर्ने अवस्थामा थोरै मात्र लडाइँ गर्ने पक्षमा हुनेछन् भनी पत्याउने कुनै आधार छैन। बरु त्यस्तो अवस्थामा माओवादी सेनाको शक्ति सुदृढ हुन सक्ने र शान्तिका पक्षधरहरू अल्पमतमा परेर कमजोर हुने सम्भावना पो बढी छ।

**मूलधारका पार्टीहरू पाखा पर्ने।** शान्ति प्रक्रियाले पार्टीहरूलाई आफूलाई सुधार्ने मौका दिएको हो। बाह्रबुँदे सम्झौतामा प्रस्टसाथ उल्लेख गरिएको थियो : "सात रानीतिक पार्टीहरू आफ्नो आत्म-मूल्याङ्कन गर्दै संसद र सरकारमा छँदा भए-गरेका गल्तीहरू नदोहोऱ्याउने प्रतिबद्धता व्यक्त गर्दछन्"।[१०] उनीहरूले यस मौकालाई राम्रोसित उपयोग गरेनन् र राजनीति फेरि अतिवादी तत्त्वहरूको मारामारीमा बदलिने हो भने उनीहरू पाखा पर्न सक्नेछन्।

**साम्प्रदायिक तनाव।** जातीय तथा क्षेत्रीय मागहरूबारे के गर्ने भन्नेबारे खासै कुनै गतिलो योजना छैन। सरकारले अशान्ति मचाउने समूहहरूसित निजी तवरमा वार्ता गर्ने गरेबाट उनीहरूलाई अशान्ति मचाउनलाई झनै प्रोत्साहन मिलेकोछ। मधेसी जनअधिकार फोरमसित गरिएको सम्झौताले उनीहरूका सबै गुनासाहरुलाई समेट्न सकेको थिएन (त्यो सम्झौता लागू गरिएको भए पनि फोरमको एक पक्षले मात्र त्यसको समर्थन गरेको थियो, अरू समूहहरूले त्यसलाई आत्मसमर्पणका रूपमा हेरेको थियो) र तराईमा रहेको तनावको स्थिति घट्ने नाम लिइरहेको छैन। नयाँ मोर्चाको जन्मले विरोध आन्दोलनलाई अवश्यम्भावी बनाएको छ। भर्खर अस्तित्वमा आएको पार्टीलाई जनसमर्थन जुटाउन यस प्रकारको आन्दोलन जरुरी हुन्छ। समावेशीपूर्ण सम्झौता वार्ताका लागि चाहिने रणनीतिको अभावमा सरकार आफ्नो कुरालाई बलपूर्वक थोपर्ने कोसिस गर्न सक्छ, त्यसो गर्नाले अतिवादी भावना झनै भड्किनेछ। यसै पनि मधेसको स्वायत्तताको माग नरमपन्थी नेताहरूको समेत मुख्य माग बनिसकेको छ।

**राज्य कमजोर हुने।** नेपाल अहिलेसम्म त असफल राष्ट्र बनिसकेको छैन, तर त्यही बाटोतर्फ गइरहेछ। शान्ति सुव्यवस्था खल्बलिएको र सरकारको शक्तिमा ह्रास आएको (खासगरी तराई क्षेत्रमा) अहिलेको अवस्थालाई नउल्टाएसम्म देशमा शासन गर्ने काठमाडौंको क्षमता झनै घट्ने छ। जनतासामु प्रहरी तथा न्यायपालिकाजस्ता निकायहरूको इज्जत घटेको छ र उनीहरूको नैतिक बल पनि गिरेको छ। सरकारी निकायका स्थानीय कर्मचारीहरूले आफ्नो सुरक्षा गरिपाउन सरकारलाई दबाब दिन सामूहिक राजीनामा, हडताल र अन्य उपायले विरोध जनाएका छन्। आफ्नो कर्त्तव्य पालन गर्न सम्भव नभएको उनीहरूको गुनासो छ।

गतिरोधको यो स्थिति रहिरहनु खतरनाक छ। जुन परिस्थितिले गर्दा माओवादी विद्रोह सुरु भयो र फैलियो त्यो परिस्थिति अझै ज्युँका त्युँ छँदैछ। धेरै समुदायहरू अझै आर्थिक असमानताको सिकार छन् र राज्यको कामकारबाहीमा सार्थक सहभागिता गर्नबाट वञ्चित छन्। आफू अन्यायमा परेको भावना जनसामान्यमा बढ्दो छ। सशस्त्र विद्रोहको परिणामस्वरूप दुई प्रवृत्ति स्पष्ट देखिएका छन् — समाधानको उपाय अघि नसारी मागहरू राख्ने तथा हतियारको बलमा मात्र आफना कुरा मनाउन खोज्ने। सारभूत विषयहरूमा आवश्यक निर्णय लिनमा राज्यले आनाकानी गरे पनि आपराधिक क्रियाकलापप्रति भने राज्यले आँखा चिम्लने गरेको छ। सम्झौताको यस्तो रवैयाले गर्दा हिंसात्मक विद्रोहप्रतिको आकर्षण बढाउने काम गर्दछ। विद्रोह हुनुअघिको स्थिति उसै पनि अस्थिर थियो अहिले त परिस्थिति पहिलेभन्दा झनै जटिल र खहरिएको छ। जनतामा आएको उच्च राजनीतिक चेतनाले गर्दा राज्यउपर मागहरूको खात लागेको छ, तर राज्यसित तिनीहरूलाई पूरा गर्ने सामर्थ्य भने थोरै छ। यसको निष्कर्ष एउटै हुन सक्छ — त्यो के भने विद्यमान गतिरोधलाई थेगिराख्न सकिँदैन।

## ३. हालसम्मको उपलब्धि

### क) अहिलेसम्म के भयो

धेरैले असम्भव ठानेको यस प्रक्रियालाई कुनै ठूलो नोक्सानी हुन नदिई वा स्थायी हिंसामा फर्कन नदिई यहासम्म ल्याइपुऱ्याउनु आफैंमा एउटा ठूलो उपलब्धि हो, जसको श्रेय सात दललाई जान्छ। दुवै पक्षका सेनाले युद्धविरामको उल्लङ्घन नगरी त्यसको पालना गरेका छन्। धम्की, बलजफ्ती चन्दा असुली तथा अपहरणका घटनाहरू हुँदाहुँदै पनि माओवादीहरूद्वारा भएको विस्तृत शान्ति सम्झौताको उल्लङ्घन सैन्य कारबाहीलाई पूर्णरूपमा फर्काउने हदसम्म पुगेको छैन। यद्यपि अगस्त २००७ को प्लेनम बैठकदेखि त्यस्ता गतिविधिहरू बढेका छन्। किनभने त्यस बैठकले शान्ति सम्झौताले अपेक्षित परिणाम दिन नसकेको परिप्रेक्ष्यमा बढी आक्रामक नीति अपनाएको थियो। शान्ति प्रक्रियाका आधारभूत कार्यहरू भने पूरा गरिएका थिए। १५ जनवरी २००७ मा अन्तरिम संविधानको घोषणा भयो, पुनर्स्थापित संसदलाई माओवादी प्रतिनिधिहरूसहितको अन्तरिम व्यवस्थापिका संसदमा परिणत गरियो, अप्रिल १ मा माओवादीका पाँच मन्त्रीसहितको अन्तरिम सरकारको गठन भयो। राज्यलाई एउटा नयाँ स्वरूप दिने खालका केही नयाँ कदम पनि चालिए। उदाहरणस्वरूप, मे २००६ मा नेपाल धर्म निरपेक्ष राज्य बनेको घोषणा गरियो तथा राजाद्वारा परम्परागत रूपमा गरिने कार्यहरू पनि क्रमिक कटौतीहरू भए।

दुवै पक्षका सेनालाई अलग गर्ने तथा व्यवस्थित गर्नेजस्ता तात्कालिक कार्यहरू पनि सफलतासाथ सम्पन्न भएका छन्।

---

[१०] हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *नेपालको नयाँ गठबन्धन,* माथि उल्लेखित।

अनमिनमा दर्ता गरिएका माओवादीका ३,४७५ थान हतियारहरू शिविरमा दर्ता भएका सैनिक सङ्ख्याको मुस्किलले दसौं भाग मात्र भए तापनि उनीहरूले ठूलो सङ्ख्यामा हतियार लुकाएको प्रमाण पनि छैन।[११] नेपाली सेनाले पनि आफ्नो वचन पालना गरेको छ। माओवादीले राखे बराबरका हतियार थन्क्याएका छन्। आफू ब्यारेकभित्रै बसेका छन्। विस्तृत शान्ति सम्झौताले अनुमति दिएका बाहेक अरू काम गरेका छैनन्। अनमिनले शिविरहरूमा ३१,१५२ जना माओवादी सैनिक दर्ता गरेको छ र प्रथम चरणको प्रमाणीकरणको प्रक्रिया पनि पूरा गरिसकेको छ। आधिकारिक रूपमा यकिन सङ्ख्या सार्वजनिक नभए तापनि १२ हजारजति सैनिकले प्रमाणीकरणको आवश्यक योग्यता पूरा नगरेको अनुमान गरिएको छ।[१२] कम उमेर भएका कारणले वा मे २००६ भन्दा अगाडिको मितिमा माओवादी सैन्यबलमा नभएका कारणले गर्दा त्यसो भएको हुन सक्छ। नेताहरूको निजी सुरक्षा तथा क्याम्पको सुरक्षाका लागि छुट्याइएका हतियारसँग सम्बन्धित केही घटनाहरू भए तापनि माओवादीले भण्डारबाट हतियार झिकेका छैनन्। त्यसैगरी नेपाली सेनाले पनि अनधिकृत रूपमा हतियारको ओसारपसार तथा अन्य क्रियाकलापबाट आफूलाई अलग्ग राखेको छ।

यस्तै अन्य कदमहरू पनि चालिएका छन्। नागरिकता प्रमाणपत्रको वितरण द्रुततर गतिमा गरियो। मे २००७ को अन्त्यसम्ममा २६ लाख प्रमाणपत्र वितरण गरियो, जुन प्रशंसा गर्न लायक सफलता हो। राज्यका अङ्गहरूलाई बढी समावेशी बनाउने प्रतिबद्धताअनुरूप केही प्रारम्भिक कामहरू भए। महिलालाई सरकारी सेवामा ३३ प्रतिशत स्थान दिने वचनबद्धता र अक्टोबर २००७ मा सीमान्तीकृत समूहका लागि नेपाल प्रहरी तथा सशस्त्र प्रहरीमा ४५ प्रतिशत स्थान आरक्षण गर्ने व्यवस्थालाई उदाहरणका रूपमा लिन सकिन्छ। अल्पसङ्ख्यकको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको सन्धि नं १६९ लाई सरकारले स्वीकृति प्रदान गर्‍यो।[१३] विभिन्न झडपहरू तथा विरोध प्रदर्शनहरूमा मारिएका ४८ जना कार्यकर्ताहरूको क्षतिपूर्तिका लागि अक्टोबरको अन्त्यमा जिल्ला-जिल्लामा रकम पुर्‍याइयो। तीमध्ये मुख्य रूपमा जनवरी-फेब्रुअरीको मधेस आन्दोलनमा मारिने १८ जना तथा मार्च २००७ को गौर हत्याकाण्डमा मारिएका २७ जना माओवादी पर्दछन्।[१४]

द्वन्द्वका अवधिमा विस्थापित भएकाहरूको अवस्थाबारे विश्वसनीय तथ्याङ्कको अभाव भएकाले त्यस विषयमा अझै अन्यौल छ। विस्तृत शान्ति सम्झौता भएपछि आन्तरिक रूपमा विस्थापित हुनेहरूको सङ्ख्या दुई लाखबाट पचास हजारमा झरेको अनुमान गरिएको छ। शान्ति तथा पुनर्निर्माण मन्त्रालयको एउटा कार्यदलद्वारा तयार पारिएको अन्तरिम प्रतिवेदनअनुसार भने विस्थापितहरूको सङ्ख्या पच्चीस हजार छ। त्यो सङ्ख्या क्षतिपूर्तिका लागि परेका निवेदनमा आधारित रहेको छ र यो सङ्ख्या पछि बढ्न सक्ने अनुमान गरिएको छ।[१५] क्षतिमा परेका सम्पत्तिको मुआब्जा, दैनिक भत्ता तथा निर्व्याजी कृषि ऋणजस्ता निवेदनहरूउपर जाँचबुझ गर्ने जिम्मेवारी प्रमुख जिल्ला अधिकारीलाई दिइएको छ।[१६] प्रस्तावित सत्य निरूपण तथा मेलमिलापसम्बन्धी विधेयकको आलोचना भएपछि सरकारले यसबारे अझै विस्तृत छलफल गर्ने तत्परता देखाउँदै हाललाई उक्त प्रस्तावित विधेयक थन्क्याएको छ।

## ख. अब के गर्नुपर्ला?

राजनीतिक नेताहरूलाई एकैसाथ सबैतिरका समस्याहरूको समाधान गर्न गाह्रो छ, खासगरी अनेक मुद्दाहरूमा क्रय-विक्रय गर्ने उनीहरूका प्रवृत्तिका कारणले। तथापि शान्ति प्रक्रियामा संलग्न दलहरू प्राथमिकताहरूको पहिचान गर्ने सम्बन्धमा धेरै निकट आएका छन्। प्रक्रियालाई अगाडि बढाउन मात्र नभई जनताको विश्वास हासिल गर्न तथा जनताले प्रतीक्षा गरिरहेका शान्तिका लाभहरू प्रदान गर्नका लागि समेत निम्नलिखित क्षेत्रहरूमा काम गर्नु जरुरी छ।

### १. पूर्ण शान्ति दिने

शान्ति प्रक्रियाले सशस्त्र द्वन्द्वको अन्त्य गरेको छ, तर अन्य प्रकारका हिंसा, असुरक्षा, अपराध तथा डर-त्रासमा भने वृद्धि भएको छ। शान्ति सुव्यवस्थाको अवस्था निम्छरो छ। न्यायिक व्यवस्थामा बोझ परेको छ र यसका वैधानिकता तथा प्रभावकारिताउपर प्रश्नहरू खडा भएका छन्। सुरक्षा तथा न्यायप्रति जनतामा व्याप्त अविश्वासले गर्दा माओवादी गतिविधिले प्रश्रय पाएको छ। माओवादीहरूको कठोर व्यवहारका बाबजुद धेरै मानिस राज्यले दिन नसकेको सुरक्षा र शासन माओवादीले दिएको महसुस गर्दछन्।

माओवादीको युवा मोर्चा वाई.सी.एल.ले चन्दा असुली र जोरजुलुमको नयाँ लहर सुरु गरेको छ। अरू दलका कार्यक्रममा बाधा हाल्ने, राजनीतिक नेता, व्यापारी तथा विरोधी ठानिएकाहरूको अपहरण गर्ने र जबर्जस्ती चन्दा उठाउने कामहरू उनीहरूबाट भइरहेछ। अनि समानान्तर न्यायिक तथा सुरक्षा निकायका रूपमा वाई.सी.एल.ले कार्य गरिरहेको छ।[१७] नेकपा (माओवादी) नेतृत्वले यसलाई आफ्नो

[११] माओवादीहरूले पनि ६.७ टनभन्दा बढी विस्फोटक पदार्थ सुपरीवेक्षणमा राखेका छन्। उनीहरूका धेरै लडाकाहरूले बन्दुकभन्दा पनि सकेट बम र प्रेसर कुकर बमजस्ता साधनको प्रयोग गर्थे।

[१२] प्रत्येक शिविरमा भएको प्रमाणीकरणपछि नेकपा (माओवादी) र सरकार दुवैलाई शिविरमा रहेका लडाकाहरूको सङ्ख्याबारे जानकारी दिने गरिएको छ, तर उनीहरूले त्यसलाई सार्वजनिक गरेका छैनन्।

[१३] यस सन्धिका लागि हेर्नुहोस् www.ilo.org/public/english/standards/norm/egalite/itpp/convention/index.htm.

[१४] मधेसी आन्दोलन र गौर हत्याकाण्डका बारेमा, हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *हिंसाको तापमा तराई*, माथि उल्लेखित। विरोध प्रदर्शनलाई रोक्ने र तोड्नलाई गरिएको प्रहरी कारबाहीमा धेरैजसो मधेसीहरू मारिएका थिए। गौरमा मारिएका माओवादी कार्यकर्ताहरू भने मधेसी जनअधिकार फोरमको ब्यानरमा जम्मा भएको भीडको निसाना बनेका थिए।

[१५] "आन्तरिक रूपमा विस्थापितहरूको सरकारी आँकडा सन्दिग्ध छ" *The Himalayan Times*, ७ डिसेम्बर २००७।

[१६] २५ करोड रुपियाँको पहिलो किस्ता अक्टोबर २००७ को सुरुमै निकासा भएको थियो। दुई महिनाका लागि प्रतिदिन एक अमेरिकी डलरका दरले दैनिक भत्ता र भत्केको घरको क्षतिपूर्तिका लागि रु. १० हजारलाई पर्याप्त सुविधा मान्न सकिँदैन।

[१७] माओवादी र राज्यद्वारा भएको बृहत् शान्ति सम्झौताको उल्लङ्घनको विस्तृत मूल्याङ्कनका लागि हेर्नुहोस्, "बृहत् शान्ति सम्झौताको एक वर्षपछि

नियन्त्रणमा राख्ने वचनबद्धता दिए पनि त्यो पूरा भएको छैन। यसका कार्यकर्ताहरूले पत्रकारलाई धम्क्याउन (दुई जना पत्रकारको त अपहरण र हत्यामा हात रहेको बुझिएको) छाडेका छैनन् तथा उद्योगपतिहरूलाई दबाब दिन आफ्ना मजदुर सङ्गठनहरूलाई उपयोग गर्दै आएका छन्। व्यापारीहरू जानाजान विवाद समाधानका लागि माओवादीको मुख ताक्छन्, किनभने उनीहरू न्यायालयको लम्वेतान प्रक्रियाभन्दा केही अप्ठेरो परे पनि छिटो निर्णय चाहन्छन्।[१८] "हामी कसैलाई पनि दबाब दिन चाहन्नौं। तर हामीले उजुरी पाएपछि तुरुन्तै अनुसन्धान थालिहाल्छौं, आखिर प्रहरीलाई कसले विश्वास गर्छ र?"[१९] एक जना माओवादी न्यायकर्ताले राजधानीमा भने।

हडताल तथा बन्दले दैनिक जीवनलाई नराम्रोसँग खल्बल्यादिएको छ।[२०] सरकारको अनुपस्थितिले गर्दा खासगरी तराईका जिल्लाहरूमा असुरक्षाको भावना बढेको छ। सन् २००७ को सुरुमा भएको तराई आन्दोलनको बेला सरकारी बल प्रयोग निकै कठोर भए तापनि त्यसपछि हिंसाका घटनामा मुछिएकाहरूलाई समात्ने काममा सरकार आँखा चिम्लेर बस्यो। मार्च २००७ को गौर हत्याकाण्डका अपराधीहरूलाई पक्रने कामसमेत भएन। ग्रामीण क्षेत्रको जनजीवन अझै सामान्य बन्न सकेको छैन। माओवादीले कब्जा गरेको जमिन सीमित रूपमा मात्र फिर्ता गरेका छन्। फिर्ता भएनभएको हेर्ने संयन्त्र पनि बनेको छैन।[२१] अझैसम्म स्थानीय सरकारको पुनःस्थापना हुन सकेको छैन, हुन त यस सम्बन्धमा अन्तरपार्टी समझदारी नजिकिँदै गएका केही सङ्केत पाइएको छ।

*प्राथमिकताहरू*

- माओवादीले सम्पूर्ण अवैधानिक क्रियाकलाप तथा दबाब दिने काम बन्द गर्नुपर्छ। समानान्तर संरचना भङ्ग गरी कब्जा गरेका सम्पत्ति फिर्ता गर्नुपर्छ। सम्पत्ति फिर्ता तथा क्षतिपूर्तिका केही जटिल मुद्दालाई भने सरकारद्वारा गठित आयोगले हेर्नुपर्छ।
- स्थानीय सरकारको पुनःस्थापना गरी स्थानीय समुदायलाई द्वन्द्व व्यवस्थापन तथा शान्ति निर्माण प्रक्रियामा समाविष्ट गर्ने योजनामा सम्पूर्ण दलहरू अविलम्ब सहमत हुनुपर्छ।
- शान्ति सुव्यवस्थाको निम्छरो अवस्थालाई सम्बोधन गर्न नयाँ सुरक्षा योजनाको आवश्यकता छ, जुन स्थानीय आवश्यकता तथा समुदायको स्वीकृतिमा आधारित हुनुपर्दछ, काठमाडौंबाट थोपरिनु हुँदैन। त्यसरी थोपरिएमा आफूहरू स्वायत्तताका लागि लड्न बाध्य हुने चेतावनी मधेसी नेताहरूले दिइसकेका छन्।

## २. सुरक्षा क्षेत्र

सुरक्षा क्षेत्रको अवस्था शान्ति प्रक्रियाको केन्द्रमा रहेको छ र यही विषय नै सफलताको मार्गमा मुख्य बाधक बनेको छ। वर्तमान अवस्था अस्थिर छ। खासगरी, दुई थरी सैन्यबललाई भविष्यमा उनीहरूको अवस्था के हुने भन्ने योजना नभई राखिराखु झनै खतरनाक छ। आर्थिक विकासको आवश्यकता टड्कारो भएको अवस्थामा यसरी दुवै सेना राखिराखु राज्यमाथि ठूलो आर्थिक बोझ पनि हो।

माओवादी सैन्य प्रमाणीकरण झन्डै-झन्डै टुङ्गिएको छ। आफूखुसी शिविर छाडेर जानेबाहेक अयोग्य घोषित गरिएकाहरूमा या त हालै भर्ती गरिएकाहरू छन् या त नाबालकहरू। उमेर नपुगेकाहरूलाई पुनःस्थापनाको प्याकेजसहित सुरुमै हटाइसक्नुपर्थ्यो। तर सरकारबाट रकम निकासा नभएसम्म माओवादीहरूले उनीहरूलाई हटाउन मानेनन्। अयोग्य घोषित भएकाहरूको ठूलो सङ्ख्याले माओवादी नेतृत्वलाई केही लज्जित तुल्याए तापनि उनीहरूको तीस हजारभन्दा बढी सैन्यबलको दाबी भने अतिशयोक्तिपूर्ण नै थियो। उनीहरूका आधाभन्दा बढी लडाकाको दाबी अन्य सुविधा प्राप्त गर्नका लागि थियो। योभन्दा अझ गम्भीर कुरा के हो भने धेरै मौसमी लडाकाहरू शिविरहरूमै गएनन् भने अरू धेरैले वाई.सी.एल.को जिम्मेवारी सह्मालेको पनि पाइएको छ। माओवादी सेनाबाट हटाइनेहरू माओवादी कमान्डअन्तर्गत नै अन्य क्षेत्रमा रहँदैनन् भन्ने पनि कुनै ग्यारेन्टी छैन। शिविरबाट निस्कनेहरू सरक्क नागरिक जीवनमा फर्कन्छन् भन्ने मान्यता यथार्थमा आधारित देखिँदैन। धेरैजसो आफ्नो ध्येयप्रति प्रतिबद्ध रहने र वाई.सी.एल. वा अन्य कुनै संरचनामा पुनः समावेश हुन सक्ने धेरै सम्भावना छ।

कतिपय अवस्थामा लडाकाहरूले शिविर छाडी कम्ब्याट ड्रेसमा खुकुरी-छुरीजस्ता हतियार बोकेर विरोध प्रदर्शनहरूमा भाग लिएका पाइएको छ। नेपाली सेना, माओवादी र संयुक्त राष्ट्रका प्रतिनिधिहरू रहेको संयुक्त अनुगमन तथा समन्वय समितिले नोभेम्बर २००६ मा हस्ताक्षर भएको हातहतियार तथा सैन्य व्यवस्थापन सम्झौताका प्रावधानहरूलाई दुई पटक उल्लङ्घन गरिएको रेकर्ड औपचारिक रूपमा राखेको छ।

दुइटा कदम चालिएका छन्। पहिलो, सेनासम्बन्धी सेप्टेम्बर २००६ को ऐनले सेनामाथि लोकतान्त्रिक नियन्त्रण रहने केही प्रावधान थप्यो। तापनि यसले केही आधारभूत मान्यताहरू अझै पूरा गर्न सकेन, जस्तैः आपराधिक क्रियाकलाप तथा मानवअधिकारको गम्भीर उल्लङ्घन भएमा न्यायालयको निर्णयलाई पालना गर्नुपर्ने। दोस्रो, विस्तृत शान्ति सम्झौताले उल्लेख गरेअनुसार माओवादी सेनाको समायोजन तथा पुनःस्थापन हेर्ने विशेष समिति ("१४६ समिति") २१ मे २००७ मा गठन गरिए तापनि यसको बैठक हालसम्ममा एक पटक मात्र बसेको छ (जुलाई महिनामा) र अझैसम्म यसको क्षेत्राधिकार तोकिएको छैन। तर यी दुवै कदम सार्थक रूपमा अघि बढ्न सकेको छैन। व्यवहारमा नेपाली सेना

नेपालमा मानवअधिकार" मानवअधिकार उच्चायुक्तको कार्यालय, काठमाडौं, १२ डिसेम्बर २००७।

[१८] हेर्नुहोस्, सी.के. लाल, "Throwing justice to the wind", *Nepali Times*, ७ डिसेम्बर २००७।

[१९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, डिसेम्बर २००७।

[२०] जनवरीदेखि अगस्त २००७ सम्म नेकपा (माओवादी) र वाई.सी.एल.ले कम्तीमा ३० ओटा "बन्द" को आह्वान गरे। अरू समूहहरूले, खासगरी तराईमा अझै धेरै "बन्द" गरेर व्यवसाय तथा आवागमनमा अवरोध पुऱ्याए।

[२१] कब्जा गरिएको जमिन फिर्ता गर्ने काम नभएको सम्बन्धमा हेर्नुहोस्, "नेपालमा मानवअधिकार", माथि उल्लेखित।

स्वायत्त छ। २२ अगस्त २००७ मा नयाँ राष्ट्रिय सुरक्षा परिषद्को गठन भयो तर यो कागजमा मात्र सीमित छ। विस्तृत शान्ति सम्झौतामा व्यवस्था भएअनुसार नेपाली सेनाको लोकतान्त्रीकरण तथा आकार निश्चित गर्नका लागि एउटा "विस्तृत कार्ययोजना" निर्माण गर्नेतिर सरकारले कुनै कदम चालेको छैन।[२२] माओवादी लडाकाहरूको "समायोजन तथा पुनःस्थापना" को विषयप्रति सम्बोधन हुन बाँकी नै छ।

सम्झौता विपरीत सन् २००७ मा नेपाली सेनाले सैन्य विस्तारका लागि दुई पटकसम्म भर्ती खोल्यो। यद्यपि सेवानिवृत्त भई खाली रहेका स्थानका लागि मात्र भर्ती लिइएको थियो। नारायणहिटी दरबारमा रहेका ३००० देखि ४५०० सैनिकलाई घटाउने मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गरिएको छैन। नेपाली सेनाका केही जर्नेलहरूले माओवादी नेतालाई भेटेर माओवादी लडाकाहरूलाई नेपाली सेनामा मिसाउन आफूहरू तयार रहेको बताएका बुझिएको छ। तर त्यस्तो समायोजन नेपाली सेना आफ्नै शर्तअनुसार गर्न चाहन्छ।[२३] नेपाली सेना र माओवादीबीच कट्टर दुश्मनी देखिन्छ, तापनि उनीहरूका केही चरित्रहरू आपसमा मिल्दाजुल्दा छन्। (जस्तै; राष्ट्रवादी दृष्टिकोण तथा बलियो सरकारको चाहना) र एकै साथ मिलेर काम गर्न सक्छन् भन्ने पनि दुवैले देखाएका छन्। शान्ति प्रक्रियाबाट स्थापना भएको संयुक्त अनुगमन तथा समन्वय समिति त्यसको सबभन्दा राम्रो उदाहरण हो। यस समितिको बैठक ५८ पटकसम्म बसिसकेको छ। यसले स्पष्ट कार्यसूची, कार्यसंरचना तथा सचिवालयसम्बन्धी व्यवस्थाहरू निर्माण गरी सदस्यहरूका बीचमा राम्रो सहयोगी वातावरणको सिर्जना गरेको छ। अन्य क्षेत्रका लागि पनि यो उत्साहप्रद उदाहरण हो। यसले के सङ्केत गर्छ भने भविष्यमा हुने सुरक्षा क्षेत्रको व्यवस्थापनसम्बन्धी छलफलहरू धेरै कष्टपूर्ण हुनैपर्छ भन्ने छैन र भविष्यमा आइपर्ने कठिन विषयहरूलाई पनि सहज बनाउन परस्परमा सहयोगी भावना जन्माउन सम्भव हुनेछ।

दुई सेनाको भविष्यबारेको बहस वा छलफल ऐच्छिक विषय होइन। द्वन्द्वरत दुई पक्षको दीर्घकालीन अवस्थाबारे सम्बोधन नगर्ने शान्ति प्रक्रिया सफल हुन सक्दैन। भारत नेपाली सेनालाई अस्थिरता विरुद्ध एउटा बलियो किल्ला ठान्दछ र सेनामा सुधार गर्ने विषयलाई सकेसम्म पर सार्दै लान चाहन्छ। त्यसैले अन्तर्राष्ट्रिय समुदायले सुरक्षा क्षेत्रको सुधारप्रति चासो देखाउनाले त्यसलाई माओवादीहरूले चुनाव टार्ने बहानाको रूपमा उपयोग गरेको आरोप लगाउँछ। तथापि माओवादी नेतृत्वबाट यो विषय उठ्नु उत्साहवर्द्धक कुरा हो। किनभने यसले जति सक्यो लामो समयसम्म वा कम्तीमा चुनाव हुँदासम्म जनमुक्ति सेनालाई अलग शक्तिका रूपमा नै राख्नुपर्छ भन्ने एकथरी माओवादी नेताहरूको हठमाथिको विजयलाई सङ्केत गर्दछ।

माओवादी रणनीतिकारलगायत कसैले पनि सेनाको समायोजनमा हतारो गर्ने सिफारिस गर्दैन। बरु गम्भीर वार्तालापबाट मिलन बिन्दु पत्ता लगाउन सकिन्छ। (यस्तै छलफलमा सात दलको नियन्त्रणमा नेपाली सेना छ र यसले भिटो प्रयोग गर्न सक्दैन भन्ने ग्यारेन्टी गरिनुपर्ने कुरा उठेको बताइन्छ। त्यसो भएमा पूर्णतया सरकारको अधीनमा रहेको भन्ने नेपाली सेनाको बारम्बारको अभिव्यक्तिको परीक्षण हुनेछ।) हाललाई विकल्प एउटै मात्र छ। त्यो हो, जनमुक्ति सेना एउटा स्वतन्त्र सैन्यबलका रूपमा रहने र नेपाली सेना ब्यारेकमा सीमित रहने अनि संयुक्त राष्ट्रको निगरानी बढाउने।

*प्राथमिकताहरू*

- "१४६ समिति" लाई सक्रिय तुल्याइनुपर्छ, नेपाली सेनाका लागि एउटा कार्ययोजना थालिनुपर्छ र राष्ट्रिय सुरक्षाका आवश्यकताहरूका सम्बन्धमा बृहत् छलफल अघि बढाइनुपर्छ।
- राष्ट्रिय सुरक्षा परिषद्लाई सक्रिय पार्ने, दरबारमा तैनाथ टुकडीहरू कटौती गर्ने र सेनामाथि प्रभावशाली र पेसागत गैरसैनिक नियन्त्रण कायम गर्नका लागि राजनीतिक तथा प्रशासनिक क्षमता स्थापित गर्ने खालका निर्णयहरू लागू गरिनुपर्छ।
- सरकारले शिविरमा रहेका माओवादी सेनाको भत्ताको बन्दोबस्त मिलाउने र शिविरहरूका अवस्था सुधार्ने काम गर्नुपर्छ भने माओवादीहरूले प्रमाणीकरणको क्रममा छापामार नठहरिएकाहरूलाई सरकार र संयुक्त राष्ट्रको सहयोगमा समुचित पुनर्स्थापनामा चाँजो मिलाई आफूबाट अलग गर्नुपर्छ र छापामारहरूको घट्न गएको सङ्ख्याअनुरूप शिविरहरूको संरचना पनि मिलाउनुपर्छ।

## ३. न्याय, पुनर्स्थापना र क्षतिपूर्ति

द्वन्द्व प्रभावितहरूका निम्ति शान्ति प्रक्रियाले अति थोरै न्याय र व्यावहारिक सहायता प्रदान गरेको छ। द्वन्द्वको अवधिमा जबर्जस्ती बेपत्ता पारिएका एक हजारभन्दा बढी व्यक्तिको अवस्था अझै अज्ञात छ।[२४] तीमध्ये धेरैजसो सैनिक हिरासतबाट गायब भएका थिए। उनीहरूको अवस्था पत्ता लगाउने र त्यसको जानकारी दिने वचनलाई दुवै पक्षले पूरा गरेका छैनन्। सन् २००७ को जून महिनामा सर्वोच्च अदालतले सुरक्षाबलको हिरासतबाट बेपत्ता पारिएका ८३ जनाको परिवारलाई क्षतिपूर्ति दिनुपर्ने, बेपत्ता पारिएकाहरूका सम्बन्धमा अनुसन्धान गर्न आयोग बनाउनुपर्ने र

[२२] "यसमा समावेश हुने कार्यहरू हुन् — नेपाली सेनाको उचित सङ्ख्या निर्धारण, राष्ट्रिय तथा समावेशी विशेषता झल्किने गरी लोकतान्त्रिक संरचनाको निर्माण तथा उनीहरूलाई मानवअधिकारका मान्यता र लोकतान्त्रिक सिद्धान्तका आधारमा तालिम दिनु", बृहत् शान्ति सम्झौता ४.७।

[२३] प्रचण्डले नेपाली सेनाका जर्नेलहरूसँग समायोजनका बारेमा प्रत्यक्ष रूपमा सकारात्मक वार्तालाप गरेको दाबी गरेका छन्, तर नेपाली सेनाले पाँचओटा पूर्वशर्त राखेको बताइएको छ — १. माओवादीद्वारा बृहत् शान्ति सम्झौताको पूर्ण पालना हुनुपर्ने तथा बहुदलीय व्यवस्था आत्मसात् गर्नुपर्ने, २. अमेरिकाद्वारा नेकपा (माओवादी) लाई आतङ्ककारीको सूचीबाट हटाइएको हुनुपर्ने, ३. समायोजनको कुनै पनि प्रक्रिया संविधानसभाको निर्वाचनबाट जनादेशप्राप्त सरकारको गठनपछि मात्र थालिने, ४. समायोजनअगाडि नै माओवादीद्वारा उदार आर्थिक नीति अँगाल्न स्वीकार्नुपर्ने, ५. समायोजनको प्रक्रिया पाँच वर्षमा पूरा गरिने। "माओवादीसँग सेनाका पाँच शर्त", *दृष्टि*, ४ डिसेम्बर २००७।

[२४] अन्तर्राष्ट्रिय रेडक्रस समितिको आँकडाअनुसार त्यो सङ्ख्या १०४२ छ भने राष्ट्रिय गैससहरूका अनुमानमा त्यसभन्दा बढी सङ्ख्या छ।

बेपत्ता पार्ने विरुद्धको कानुन मस्यौदा गर्नुपर्ने फैसला गरेको थियो। तर त्यस्तो आयोग खडा गर्ने काम अझै भएको छैन यद्यपि त्यसको कार्यविधिका सम्बन्धमा छलफल भएको थियो। "द्वन्द्वपीडित र उठीबासमा परेकाहरूका निम्ति राहत र पुनर्स्थापनाका कामहरू गर्न" बृहत् शान्ति सम्झौताले तोकेको राष्ट्रिय शान्ति र पुनर्स्थापना आयोग अझै खडा गरिएको छैन।

प्रस्तावित सत्य निरूपण तथा मेलमिलाप आयोगले आकार लिएको छैन। हुन त एउटा सकारात्मक पक्ष के छ भने सार्वजनिक आलोचनाका कारण यससम्बन्धी विधेयकमाथि व्यापक परामर्श गर्न सम्बन्धित मन्त्रालय बाध्य भएकाले यसो भएको हो। अझ चिन्ताजनक कुरा के छ भने दण्डहीनतालाई रोक्न वा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने कारणीहरूलाई कठघरामा ल्याउन कुनै कदम चालिएको छैन। उदाहरणका लागि, नेकपा (माओवादी) ले जिम्मेवारी स्वीकार गरिसकेपछि पनि सन् २००५ मा चितवनको माडीमा बसमा बम विस्फोट गराउने आफ्ना कार्यकर्ताहरूलाई कारबाही गरेको छैन। त्यसैगरी, महाराजगन्ज ब्यारेकमा सन् २००३ र २००४ को अवधिमा बन्दीलाई यातना दिने र बेपत्ता पार्ने अपराधमा संलग्न सैनिक अधिकारीहरू विरुद्ध पूरा प्रमाण हुँदाहुँदै पनि कुनै कारबाही गरिएको छैन।[२५] भ्रष्टाचार नियन्त्रण गर्नेबारे बृहत् शान्ति सम्झौतामा गरिएको प्रतिबद्धतालाई पनि बिस्तारै बिर्सिइएको छ।[२६]

*प्राथमिकताहरू*

- सबै द्वन्द्वपीडितलाई बिनाभेदभाव क्षतिपूर्ति दिइनुपर्छ। त्यस्तो क्षतिपूर्ति गृह मन्त्रालयअन्तर्गत नियुक्त भएका प्रमुख जिल्ला अधिकारी वा मन्त्रीहरूको तजवीजमा मात्र नभएर एउटा सर्वदलीय संयन्त्रमार्फत दिनु बढी उपयुक्त हुन्छ।
- बेपत्ता पारिएकाहरूको अवस्था अनुसन्धान गर्न एउटा शक्तिसम्पन्न आयोग खडा गरिनुपर्छ र त्यसका लागि आवश्यक पर्ने अन्तर्राष्ट्रिय सहयोग लिनुपर्छ।
- द्वन्द्वको अवधिमा मानवअधिकारको गम्भीर उल्लङ्घनको आरोप लागेकाहरूमाथि कारबाही गरेर दण्डहीनताको स्थिति समाप्त पारिनुपर्छ।

## ४. पुनर्संरचना गरिएको समावेशी राज्य

बृहत् शान्ति सम्झौतामा राज्यलाई नयाँ स्वरूप दिनका निम्ति ठूलठूला प्रतिज्ञाहरू गरिएका थिए। त्यस सम्झौतामा हस्ताक्षर गर्नेहरूले "सकेसम्म छिटो" "आर्थिक र सामाजिक रूपान्तरण तथा न्याय स्थापना गर्न अनि मुलुकलाई विकसित एवं आर्थिक रूपले समुन्नत बनाउन विकाससम्बन्धी एउटा साझा अवधारणा" बनाउने प्रतिज्ञा गरेका थिए।[२७] हस्ताक्षरकर्ताहरूले यस्तो प्रतिज्ञा पनि गरेका थिए : वर्ग, जाति, भाषा, लिङ्ग, संस्कृति, धर्म तथा क्षेत्रका आधारमा रहेका भेदभाव अन्त्य गरेर महिला, दलित, आदिवासी, जनजाति, मधेसी,[२८] उत्पीडित, उपेक्षित अल्पसङ्ख्यक र पिछडिएका वर्गका समस्यालाई सम्बोधन गर्ने र केन्द्रीकृत तथा एकात्मक संरचना समाप्त गरी राज्यलाई समावेशीमूलक, लोकतन्त्र र अग्रगमनका आधारमा पुनर्संरचना गर्ने।[२९]

अन्तरिम संविधानले "वर्ग, जात, क्षेत्र र लिङ्गमा आधारित मुलुकका विद्यमान समस्याहरूलाई सुल्झाउनका लागि राज्यको प्रगतिशील पुनर्संरचना" गर्ने प्रतिबद्धतालाई दोहोऱ्याएको छ।[३०] तर यो रटान सुहाउँदो व्यावहारिक कदमहरू भने अति थोरै चालिएका छन्। गठन गर्ने वाचा गरिएको उच्चस्तरीय राज्य पुनर्संरचना आयोगले पुनर्संरचना कसरी गर्ने भन्नेबारे योजना बनाउन बाँकी नै छ। तथापि यस सम्बन्धमा पनि फराकिलो खाकाउपर सहमति बन्ने लक्षणहरू देखिएका छन्। निजामती सेवा र राज्यका अन्य निकायहरूलाई बढी समावेशी बनाउनेतर्फ गरिएका प्रयासहरू छिटफुट रूपमा मात्र भएका छन्। अक्टोबर २००७ मा मन्त्रालयका सचिवहरूको रिक्त रहेका २८ ओटा पदमा नियुक्त हुने केवल दुई जना महिला र एक जना मधेसी थिए भने बाहुनहरू २० जना थिए। मधेसी जनअधिकार फोरम र नेपाल आदिवासी जनजाति महासङ्घसँग गरिएका छुट्टाछुट्टै सम्झौताहरूबाट स्पष्ट समाधान नमिल्न सक्छ। वास्तवमा यस्ता दुईपक्षीय सम्झौताहरूले सबै समूहहरूसँग युक्तिसङ्गत ढङ्गले समझदारी कायम गर्नुपर्ने विचारलाई ओझेलमा पार्दछन्। तर पनि ती सम्झौताहरू लागू गर्ने दिशामा भएको ढिलाइले परिवर्तनको पक्षमा सरकार नभएको भन्ने देखाउँछ।[३१]

*प्राथमिकताहरू*

- राज्यका संरचनाहरू, राजनीतिक दलहरू, शान्ति प्रक्रियासँग सम्बद्ध निकायहरू र स्थानीय सुरक्षा योजनाको विकासमा परम्परागत रूपले पाखा पारिएका समूहहरूको समावेशीकरणलाई बढाउनुपर्ने आवश्यकता छ।
- ठोस सकारात्मक पहलका निम्ति विकल्पहरू खोजिनुपर्छ। छिटोछरितो तालिम वा प्रवेश परीक्षाका निम्ति तयारीको अवसर प्रदान गरेर निजामती सेवामा प्रवेशका निम्ति बाटो खोल्ने काम गरिनुपर्छ।

---

[२५] केही घटनाहरूमा कारबाहीहरू भएका छन्। उदाहरणका लागि, प्रहरीले माओवादी कार्यकर्ता पोमलाल शर्मा र अन्य दुई जनालाई पत्रकार प्रकाश ठकुरीको अपहरणमा संलग्न भएको आशङ्कामा गिरफ्तार गऱ्यो। "Govt panel submits report on missing reporter", ekantipur.com, ७ डिसेम्बर २००७। चन्दा दिन नमान्ने पदयात्रीमाथि दुर्व्यवहार गरेको आशङ्कामा प्रहरीले केही माओवादीहरूलाई पनि थुनामा राख्यो। "Police arrest Maoist cadres who thrashed Swiss tourist", *The Kathmandu Post*, ७ डिसेम्बर २००७।

[२६] "सरकारी ओहोदामा रही भ्रष्टाचार गरेर सम्पत्ति थुपार्ने व्यक्तिहरूलाई कडा कारबाही गर्न नीति निर्धारण गर्ने", बृहत् शान्ति सम्झौता (बृ.शा.स.) ३.११।

[२७] बृ.शा.स. ३.१२।

[२८] दलित, जनजाति, मधेसी र तिनका राजनीतिक परिचालनका सम्बन्धमा क्राइसिस ग्रुपका हालैका रिपोर्टहरू हेर्नुहोस्। खासगरी *नेपालको नाजुक शान्ति प्रक्रिया,* माथि उल्लेखित।

[२९] बृ.शा.स. ३.५।

[३०] अन्तरिम संविधान २००७ को प्रस्तावना।

[३१] यी सम्झौताहरूबारे हेर्नुहोस् क्राइसिस ग्रुपको ब्रिफिङ, *नेपालको नाजुक शान्ति प्रक्रिया,* माथि उल्लेखित।

- राज्य पुनर्संरचना आयोग बनाइनुपर्छ र यसले यसले लक्षित गरेको सीमान्तीकृत समूहहरूलाई लाभान्वित तुल्याउन ती समूहहरूका प्रतिनिधिहरूलाई समावेश गर्ने, यसका कामकारबाहीहरू पारदर्शक ढङ्गले सञ्चालन गर्ने र जनआकाङ्क्षालाई कदर गरेर यस विषयमा गरिने बहस-छलफलहरूलाई सार्वजनिक गर्ने मानकहरू निर्धारण गर्नुपर्छ।
- मधेसी जनअधिकार फोरम र नेपाल आदिवासी जनजाति महासङ्घसँग गरिएका सम्झौताहरू लागू गरिनुपर्छ। उदाहरणका लागि, राजनीतिक दलहरूले आफ्नो दलको नेतृत्व तहमा प्रतिनिधित्वको अवस्था सुधार गरेर, विरोध प्रदर्शनको क्रममा पीडित हुनेहरूलाई सम्मानित गरेर, तिनका परिवारलाई क्षतिपूर्ति दिलाएर तथा परम्परागत रूपले सीमान्तीकृत वर्गलाई राज्यका संरचनाहरूमा समावेश गर्ने कुरालाई सुनिश्चित गराउन नियम-कानुन तर्जुमा गर्न एउटा उच्चस्तरीय कार्यदल खडा गराएर त्यसको थालनी गर्न सक्छन्।
- थुप्रै विचारहरू आमन्त्रण गर्नका निम्ति विकल्पहरू सोचिनुपर्छ। निर्वाचनलाई अझ पछि धकेल्नका निम्ति निहुँ नबन्ने गरी बढी सहभागितामूलक संवैधानिक प्रक्रियाको एउटा अङ्ग हुन सक्ने राष्ट्रिय सम्मेलनजस्ता आयोजनाहरू गर्न सकिन्छ।

## ग. त्यहाँसम्म पुग्ने उपाय

### १. आत्मविश्वास बढाउनु र सहयोग गर्नु

निर्वाचनलगायत समग्र शान्ति प्रक्रियाप्रति आफ्नो प्रतिबद्धता कायम छ भनेर सात दलका नेताहरूले आम जनताको चित्त राम्ररी बुझाउनु आवश्यक छ। यो काम सजिलो भने छैन। निर्वाचनको नयाँ मिति तोकेर तथा मौखिक आश्वासनहरू मात्र दोहोऱ्याएर राष्ट्रिय र अन्तर्राष्ट्रिय जनमतले पत्याउने अवस्था छैन। आफूहरूबीचको एकता बलियो छ भन्ने देखाएर, शान्ति सम्झौतालाई लागू गरेर तथा निर्वाचनका निम्ति यस अघि तोकिएका मितिहरू पछि सारिनुपर्ने कारणहरू ठहर गरेर तिनलाई फेरि दोहोऱ्याइने छैन भन्ने देखाएर मात्र सात दलले जनविश्वास जित्न सक्नेछन्।

माओवादीहरूको प्राथमिक कर्त्तव्य शान्ति प्रक्रियाप्रति आफ्नो प्रतिबद्धता कायम रहेको देखाउनुका साथै शीघ्र निर्वाचनको पक्षमा र हिंसाको विपक्षमा आफू रहेको जनाउनु हो। माओवादीहरूले हालसालै गरेका काम र कथनहरूले उनीहरूको प्रतिबद्धताउपर गम्भीर आशङ्काहरू पैदा गराएका छन्। स्वभावतः शङ्कालु पर्यवेक्षकहरूको आशङ्कालाई माओवादीहरूको असल आचरणले मात्रै शान्त पार्न सक्नेछ। शान्तिपूर्ण विरोध प्रदर्शन एउटा वैधानिक राजनीतिक अस्त्र हो, तर आम विद्रोह गर्ने धम्की बारम्बार दिनाले त्यसबाट अन्तरदलीय सहमति निर्माण गर्ने लक्ष्य हासिल हुन सक्दैन। अन्य दलहरूले नेतृत्व क्षमता प्रदर्शन गर्न सक्नुपर्छ। आफूमा उनीहरूले समावेशी र लोकतान्त्रिक आचरण देखाउन सक्नुपर्छ र अझ बढी प्रयत्न गरेर माओवादीहरूको रूपान्तरणमा उनीहरूलाई सघाउनुपर्छ।

### २. अनुगमन र कार्यान्वयन थाल्नु

शान्ति सम्झौताको राष्ट्रिय अनुगमन असफल भएको छ, यस प्रक्रियामा संलग्नता बढाउन अन्तर्राष्ट्रिय जगत्को अभिरुचि नरहेको देखिन्छ। साँचो अर्थको एउटा स्वतन्त्र निकायद्वारा मात्रै गतिलो अनुगमन गर्न सकिन्छ। तर त्यस्तो निकाय स्थापना गर्नका लागि सात दलले नै पहल गर्नुपर्ने हुन्छ। यस प्रक्रियालाई अघि बढाउने अर्को प्रमुख पक्ष भनेको सम्झौता लागू गर्न एउटा यथार्थसम्मत योजनाको तर्जुमा गर्नु हो। सम्झौताहरूलाई लागू गर्ने चाहना बढिरहेको छ, तर यो काम मन्त्रालय तथा अन्य निकायहरूले कतिको प्रभावकारी र पक्षपातरहित ढङ्गमा काम गर्छन् भन्ने कुरामा निर्भर रहन्छ। शान्ति तथा पुनर्निर्माण मन्त्रालय सबभन्दा ठूलो दलको नियन्त्रणमा रहेसम्म त्यसको निष्पक्षतामा शङ्का गर्ने ठाउँ रहन्छ। अन्तरदलीय सहमतिलाई कार्यान्वयन गराउने एउटा निष्पक्ष संयन्त्र भए राम्रो हुन्छ। त्यस्तो संयन्त्रले विवादास्पद मुद्दाहरूलाई सन्तुलित ढङ्गले हल गर्ने मात्र नभएर सीमित क्षमता भएको सरकारमाथि थुप्रै क्षेत्रबाट आइरहेका अनेकन् मागहरूलाई हल गर्न आवश्यक पर्ने कामहरूको प्राथमिकता निर्धारण गर्नसमेत सघाउँछ। सर्वदलीय स्वीकृतिबाट प्राथमिकताहरूको ठेगान भएमा कार्यान्वयनमा ढिलाइ हुने र त्यसबाट राजनीतिक गुनासाहरू उत्पन्न हुने सम्भावनालाई घटाउनेछ।

### ३. वैधानिकता र जनविश्वास आर्जन गर्नु

सरकार र संविधान दुवैले वैधानिकता गुमाउने खतरा छ। सम्मतिको सिद्धान्त अन्तरिम संविधानको ढुकढुकी हो। एउटा निर्वाचित संविधानसभालाई जिम्मेवारी हस्तान्तरण गर्ने मूल लक्ष्य पनि त्यसैमा आधारित छ। यी दुवै कुराको अनुपस्थितिले गर्दा सरकारले पाएको जनादेश र प्राधिकारमाथि गम्भीर प्रश्नहरू उठेका छन्। जनतासँग संवाद र परामर्शको अभाव रहनाले र जनतालाई सेवा पुऱ्याउने काममा कमजोरी हुनाले जनताको निराशालाई चर्काइदिएको छ। (सम्भवतः यस्तो निराशा सहरी मध्यमवर्गमा बढी चर्को छ, जसले युद्धकालमा धेरै दुःख भोग्नुपरेन भने युद्धविरामबाट धेरै फाइदा पनि पाएनन्।)

निर्वाचनलाई अनिश्चित तवरले पर धकेल्ने कामले सरकारको वैधानिकता र अन्तरिम संविधानको हैसियतमाथि गम्भीर प्रश्नहरू उठ्नेछन्। सबैजसो राजनीतिक राजनेताहरूले अन्तरिम संविधानप्रति असन्तुष्टि प्रकट गरेका छन्। तीमध्ये स्वयं प्रधानमन्त्री एक जना हुन्, जसले सन् १९९० को संविधानतिरै फर्कनुपर्ने आशय व्यक्त गर्दै अन्तरिम संविधान मस्यौदा आयोगका अध्यक्ष लक्ष्मणप्रसाद अर्यालको दबाबमा परेर नै आफ्नो इच्छा विपरीत अन्तरिम सम्विधानलाई स्वीकारेको उदेकलाग्दो गुनासो गरेका थिए।[३२] यसबाट वरिष्ठ संविधानविद्हरू खुसी छैनन्। सन् १९९० को

[३२] "वर्तमान अन्तरिम संविधानद्वारा सन् १९९० को संविधान प्रतिस्थापित गर्नु राजनैतिक गल्ती थियो।", गिरिजाप्रसाद कोइरालासँग अन्तर्वार्ता, *Spotlight*, २९ नोभेम्बर २००७।

संविधान मस्यौदाकार विश्वनाथ उपाध्यायले त सरकारलाई "विश्वासघात" गरेको आरोप लगाएका छन्।[३३] वैधानिकतालाई सुनिश्चित गर्नका निम्ति निर्वाचन नै मुख्य उपाय हो। तर मुट्ठीभर दलहरूको राजनीतिक गणितद्वारा निर्देशित नभएर सार्थक संवैधानिक प्रक्रियालाई अघि बढाए मात्रै निर्वाचनले जनआन्दोलनको वास्तविक जनादेशलाई पूरा गर्नेछ। भविष्यमा हुने छलफलहरूमा पर्याप्त जनसहभागिता जुटाउनका लागि संयन्त्र बनाउनेतर्फ समझदारी भएमा त्यसले सरकार र सरकारका नियतहरूप्रति जनविश्वास बढाउनेछ।[३४]

### ४. अन्य घटकहरूलाई समेट्नु

सात दलले सरकारलाई आफ्नै पेवा बनाएको र एक किसिमको तानशाही नै स्थापित गरेको आरोप सुरुमा राजनीतिक वृत्तका उग्र राजावादीहरूले मात्रै लगाएका थिए। अब त्यस्तो आरोप पहिला ठूला दलहरूप्रति सहानुभुति राख्ने तर तिनको व्यवहारबाट वाक्क भएका मूलधारकै टिप्पणीकर्ताहरूबाट पनि लाग्न थालेको सुनिन्छ। नरमपन्थी मानिने पत्रिका *नेपाली टाइम्स* ले चेतावनी दिँदै यतिसम्म लेखेको छ : "सात दलको असीमित तानाशाहीलाई नेपाली जनताले सहने छैनन् ... सरकार चलाउन यो गठबन्धन अयोग्य साबित भइसकेको छ भन्ने जनताको ठहर छ।"[३५] सीमान्तीकृत समूहहरूका निम्ति आवाज उठाउनेहरूका साथै अन्य दक्षिणपन्थी र वामपन्थीहरूसमेत सरकारले जनताका कुरा नसुनेमा एउटा नयाँ जनआन्दोलनले जन्म लिनेछ भनी चेतावनी दिने गर्छन्। राष्ट्रिय जनशक्ति पार्टीलगायत नरमपन्थी राजावादी संस्थाहरूले फराकिलो "राष्ट्रिय सरकार" को विचार अघि सारेका छन् भने अन्य टिप्पणीकर्ताहरूले निर्वाचन गराउन एउटा निष्पक्ष अन्तरिम सरकार बनाउनुपर्ने सुझाउ दिएका छन्।[३६]

शान्ति प्रक्रिया हाँक्ने इन्जिनका रूपमा सात दलको एकता कायम राख्नेबाहेक अर्को विकल्प नहुन पनि सक्छ, तर सिङ्गो मुलुकको आवाज व्यक्त गरेको दाबी ती दलहरू मात्रैले गर्न सक्दैनन्। यदि तिनीहरूले राजनीतिक प्रक्रियाको केन्द्र भागमा आफ्नो स्थान कायम राखिराख्ने हो भने तिनीहरूले कि त छिटो कार्य सम्पादन गर्न सक्छौँ भन्ने प्रमाणित गर्नुपर्नेछ कि अन्य शक्तिहरूलाई उनीहरू पनि यस प्रक्रियाका अङ्ग हुन् भनेर त्यसका निम्ति राजी गराउन सक्नुपर्नेछ। अरू धेरैजसो दलहरू धेरथोर संविधानसभाको प्रक्रियाभित्र प्रवेश गरिसकेका छन्। पहिले निर्वाचन गराउनैपर्छ भनी जोड दिएर निर्वाचनको योजना बनाउने दलहरूभन्दा राप्रपा, राजपाजस्ता केही दलहरू निर्वाचनको पक्षमा बढी प्रखर देखिएका छन्।[३७] यस्तो अवसरमा सात दलले उनीहरू आफ्नै निजी हित मात्र हेर्ने गठबन्धन होइनन् भन्ने प्रमाणित गर्न सक्छन्। त्यसो गर्न नसकेमा उनीहरूप्रतिको जनविश्वास झन् खस्किने र त्यसको परिणामस्वरूप गठबन्धनमा सामेल दलहरू आफ्नो सम्बन्ध गठबन्धनबाहिरतिर स्थापित गर्नपट्टि लाग्नेछन्। माओवादीहरूले पहिले नै राष्ट्रवादीहरूको गठबन्धनसम्बन्धी विचार अघि सारिसकेका छन्। उनीहरू र अरू दलका केही नेताहरूले दरबार तथा राजावादी दलहरूसँग सम्बन्धको खोजी गरेका छन्।

## घ. बाहिरी दृष्टिकोण

अन्तर्राष्ट्रिय समुदायबीच पनि मतैक्य छैन। उनीहरूको दृष्टकोणमा नै गम्भीर मतभेद छ। बहुमत पक्ष शान्ति र लोकतन्त्रको स्थापना गरी सुधारको बाटो खोल्दै जाने कुरालाई प्राथमिकता दिन्छ भने अल्पमत पक्ष (खासगरी नयाँ दिल्ली र वासिङटन) शान्ति प्रक्रियाको मुख्य उद्देश्य निर्वाचन वा अन्य जुनसुकै उपायद्वारा माओवादीलाई पराजित गर्नु हो भन्ने ठान्छ। उता चीनको क्रियाशीलता पनि बढ्दो छ, उच्चपदस्थ चिनियाँ अधिकारीहरू बारम्बार भ्रमणमा आइरहेछन् र सबै राजनीतिक शक्तिहरूसँग सम्पर्क राख्ने गरिरहेछन्। निर्वाचन गराउन सफल हुन नसकेकामा र आफ्नो प्रभाव कमजोर होला कि भन्ने कुराले चिन्तित भारत दलहरूमाथि दबाब दिन र राजनीतिक परिघटनाको निर्माणमा आफ्नो वर्चस्व छ भनी देखाउन तराईमा रहेको आफ्नो प्रभावको उपयोग गरिरहेको छ। अन्तर्राष्ट्रिय समुदायका सबै सदस्यहरू माओवादी तथा अन्य दलहरूलाई अगाडि बढाउन आफ्ना सामर्थ्य लगाउन चाहन्छन्। तर उनीहरूमा माओवादीबिना पनि चुनावमा जान सकिन्छ भन्ने अडानको प्रभावकारिता वा उपयोगिताबारे भने विमति रहेको छ। यति हुँदाहुँदै पनि चुनावलाई केन्द्रबिन्दु मान्ने भारतजस्ता देशहरू र निर्वाचनको सफलताका लागि समग्र शान्ति प्रक्रिया नै अघि बढाइनुपर्छ भनी ठान्नेहरूबीचको वैचारिक असहमतिलाई सुल्झाउन नसकिने भने होइन।

जनतामा एकताको अभाव तथा अनधिकृत हस्तक्षेप भइरहेको भन्ने आमधारणा रहेकाले गर्दा अन्तर्राष्ट्रिय समुदायको प्रभाव घट्न गएको छ। राजनीतिक नेताहरू आफू अन्तर्राष्ट्रिय दबाबबाट घचेटिनु परेकामा बेखुसी छन्, यद्यपि उनीहरू अन्तर्राष्ट्रिय समुदायको समर्थन चाहिन्छ भन्नेमा जोड दिने गर्छन्। (विस्तृत शान्ति सम्झौतामा पनि बाहिरी समर्थनको आग्रह राखिएको छ)।[३८] प्रत्यक्ष दबाबको प्रभाव सीमित नै भए पनि यस प्रक्रियालाई ठीक ढङ्गबाट अगाडि बढाउन समग्र अन्तर्राष्ट्रिय समर्थनको खाँचोलाई सजिलै बेवास्ता गर्न सकिन्न। सबै दलहरू बाहिरी सहयोगउपर नेपालको निर्भरताबारे सचेत छन्, त्यसैले नेकपा (माओवादी) लगायत कोही पनि बाहिरी संसारसित सम्बन्धको पुल भत्काउन चाहँदैनन्।

**भारत।** भारतीय कूटनीतिज्ञहरूले गणतन्त्र तथा निर्वाचन सम्बन्धमा दलहरूबीच जेजस्तो सहमति भए पनि त्यो उनीहरूलाई स्वीकार्य हुने कुरा बताउँदै आएका छन्। (तर उनीहरू चुनाव नगरी गणतन्त्र लागू गर्दा खतरनाक झडप हुन सक्छ पनि भन्छन्) निर्वाचनको

[३३] "Upadhyaya charges seven parties of betrayal", nepalnews.com, २७ नोभेम्बर २००७।

[३४] हेर्नुहोस्, क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको संवैधानिक प्रक्रिया,* माथि उल्लेखित, सार्वजनिक छलफललाई अघि बढाउनका लागि।

[३५] सम्पादकीय, *Nepali Times*, ७ डिसेम्बर, २००७।

[३६] उदाहरणका लागि, नीलाम्बर आचार्य, "Five-point solution", *Nepali Times*, ७ डिसेम्बर २००७।

[३७] राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय जनमुक्ति पार्टी।

[३८] "हामी नेपालमा पूर्ण प्रजातन्त्र तथा स्थायी शान्ति स्थापना गर्ने अभियानमा सहयोग गर्न सम्पूर्ण मित्र राष्ट्रहरू, संयुक्त राष्ट्रका साथै अन्तर्राष्ट्रिय समुदायलाई आग्रह गर्दछौं।" बृ.शा.स. १०.८।

जेजस्तो परिणाम आए पनि निर्वाचनपछिको सरकारमा माओवादीको भूमिका हुनुपर्छ भन्ने विचारलाई उनीहरू सहज रूपमा लिन्छन् र प्रजातान्त्रिक राजनीतिमा लागिराख्न माओवादीलाई अरू पार्टीहरूले सघाउनु र दबाब दिनु नै उत्तम समाधान हो भन्नेमा पनि विश्वास गर्छन्। तर नयाँ दिल्ली मधेसी समस्यालाई सरकारले "सदाशयतापूर्वक खुट्टा नघिसारी समाधान गरेको हेर्न चाहन्छ। मधेस प्रतिष्ठा चाहन्छ, लोलोपोतो होइन। चोइटिएका समूहहरूलाई पनि मूलधारमा ल्याउने प्रयास गर्नुपर्छ।" सम्पूर्ण ध्यान भने निर्वाचनमा नै हुनुपर्छ :

> अति नै महत्त्वको कुरा निर्वाचनप्रति हाम्रो सधैँको धारणा हो। यो सरकार र अन्तरिम विधायिका दुवै लोकतान्त्रिक रूपले वैधानिक छैनन्। संविधानसभाको निर्वाचन हुन दिउँ, यसबाट आएको निर्णयलाई हामी विरोध गर्नेछैनौँ। के कुराचाहिँ प्रस्ट छ भने निर्वाचनको प्रक्रियाबिना शान्ति प्रक्रिया अगाडि बढ्न सक्दैन। यसको अभावमा त त्यसका लागि नै राजनीतिक मैदान खुला हुनेछ जसको हामीलाई खास डर छ।[३९]

वैधानिकताप्रतिको चासो पनि महत्त्वपूर्ण छ, किनभने यसको मान्यता के हो भने यसको परिणामले नै दलहरूलाई र खासगरी माओवादीलाई आफ्नो वास्तविक स्थितिको परिचय स्वस्थ तरिकाले दिनेछ। एक जना कूटनीतिज्ञको भनाइमा त चुनाव नै "विरेचन र स्पष्टीकरण दुवै" हुनेछ।[४०] भारतीय अधिकारीहरू दलहरू तथा अन्तर्राष्ट्रिय समुदायप्रति आफ्ना थुप्रै किसिमका रोष व्यक्त गरिरहँदा आफ्नो भूमिकाको उच्च मूल्याङ्कन गर्ने गर्छन्। उनीहरू कुनै नयाँ अवधारणा आवश्यक छ भन्ने मान्दैनन् र निर्वाचन स्थगित हुनाले विश्लेषण गर्न लायक कुनै हानि भएको पनि ठान्दैनन्। एक जनाले त यस्तो पनि भने, "निर्वाचन गर्न विगतमा गरिएका प्रयासहरूको चिरफार गर्नु आवश्यक छैन।"[४१]

तर भारत सरकारको दृष्टिकोण सही नभएको र त्यो नेपाल र भारतको आफ्नै हितमा नभएको ठान्नेहरू नयाँ दिल्लीमा छन्। विदेश सचिव तथा प्रधानमन्त्रीका विशेष दूत श्यामशरणले गरेको काठमाडौँको उच्चस्तरीय भ्रमणले पनि केही परिणाम दिन सकेन। एक जना अनुभवी नेपाल विशेषज्ञले भने, "श्यामशरणको नेपाल भ्रमण पूरै असफल भयो। (डिसेम्बरमै चुनाव हुनुपर्छ भन्ने) उनको भनाइ कसैले खाएनन्।" उनले अगाडि भने, "भारतले मित्रहरू गुमाउँदैछ। हामी कोइराला, माओवादी र संयुक्त राष्ट्रसँग वाक्क भएका छौँ तथा बेलायत र अमेरिकालाई पनि गुमाउँदैछौँ। यसले हामीलाई कहाँ पुऱ्याउला?"[४२] प्रधानमन्त्री कोइरालाको नयाँ दिल्लीसँगको सम्बन्ध चिसिएको छ। भारतले सहयोग गरेमा मधेसको समस्या तुरुन्त समाधान हुन्छ भन्ने उनको भनाइ भारतलाई बिझाएको छ। काठमाडौँमा सबै खाले राजनीतिज्ञहरू भारतले जानाजान मधेसीहरूलाई उक्साएको विश्वास गर्छन् वा कम्तीमा उनीहरूलाई नियन्त्रणमा राख्न नखोजेको भन्ठान्दछन्।[४३]

**संयुक्त राष्ट्र।** राजनीतिक खिँचातानीका कारणले ढिलो भएको माओवादी लडाकाहरूको प्रमाणीकरणको काम अनमिनले सिध्याउनै आँटेको छ। महासचिवका विशेष प्रतिनिधि इयान मार्टिनले अक्टोबर २५ मा सुरक्षा परिषद्मा नेपालबारे आफ्नो प्रतिवेदन पेस गरेर फर्केपछि शान्ति प्रक्रियाका सम्झौता लागू गर्ने, तत्सम्बन्धी प्रगतिको अनुगमन गर्ने, विश्वासको वातावरण पुनर्निर्माण गर्ने र सुरक्षा निकायको सुधारजस्ता बाँकी रहेका कामहरू पूरा गर्न सबै दलहरूले धेरै काम गर्नुपर्ने धारणा सार्वजनिक रूपमा बलियोसित व्यक्त गर्दै आएका छन्।[४४] तथापि आफ्नै भूमिका पूरा गर्न अनमिनले धेरै चुनौतीको सामना गर्नुपरेको छ। प्रेसमा यसको कामकारबाहीको आलोचनाको लहर नै उठेको छ। ढिलाइका लागि यसलाई दोष्याउँदै त्यतिका धेरै कर्मचारी राखेर पनि शान्ति प्रक्रियालाई किन यसले अघि बढाउन नसकेको भनी प्रेसमा प्रश्न उठेका छन्। एक जना समीक्षकले भने, "अनमिनले अहिलेसम्ममा 'दीर्घकालीन युद्धविराम÷ तोडिन नदिने काम मात्र गरेको छ।"[४५]

सुरक्षा क्षेत्रको सुधारलगायत अन्य क्षेत्रमा समेत संयुक्त राष्ट्रले अझै धेरै गर्नुपर्छ भन्ने पक्षमा रहेकाहरू पनि शान्ति प्रक्रियाका ओझेलमा परेका विषयहरूउपर ध्यान दिन धेरै ढिला त भएन भनेर प्रश्न गर्न थालेका छन्। अनमिनको औपचारिक क्षेत्राधिकार विस्तारको सम्बन्धमा वास्तवमा ढिला भइसकेको छ। अनमिनको उच्च हैसियत तथा साधन-स्रोतको तामझामले व्यापक असन्तुष्टि पैदा गराएको छ। त्यसले गर्दा यसको भूमिका विस्तार गर्ने कुरालाई राजनीतिक रूपले असम्भव बनाएको छ। तथापि अनमिनले ध्यानाकृष्ट गर्न खोजेको शान्ति प्रक्रियाका कमजोरी सबै दलले महसुस गरेका छन्। आफ्ना क्रियाकलापका बारेमा बढी पारदर्शिता देखाएर काठमाडौँका मिडिया तथा जनसाधारणसित यथोचित् संवाद स्थापित गरेर अनि दातृ संस्थाहरू तथा कूटनैतिक नियोगहरूसँग सूचना तथा विश्लेषणको आदानप्रदान बढाएर अनमिनले आफू विरुद्धका आलोचनाहरूको प्रतिवाद गर्न सक्नेछ।

**भारत एकातिर, बाँकी सबै अर्कातिर?** भारतीय कूटनीतिज्ञहरू संयुक्त राष्ट्रको भूमिका तथा पश्चिमी कूटनीतिज्ञहरूले लिएका असहयोगी सार्वजनिक अडानबाट दिक्दार छन्। उनीहरू अनमिनले आफ्नो प्रमुख जिम्मेवारी पूरा गरोस् भन्ने चाहन्छन्। यसका साथै व्यापक

[३९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, वरिष्ठ भारतीय कूटनीतिज्ञ, नयाँ दिल्ली, डिसेम्बर २००७।
[४०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौँ, नोभेम्बर २००७।
[४१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, वरिष्ठ भारतीय कूटनीतिज्ञ, नयाँ दिल्ली, डिसेम्बर २००७।
[४२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नयाँ दिल्ली, डिसेम्बर २००७।

[४३] एउटा पत्रिकाले मधेसी आन्दोलनकारीहरू तथा भारतीय अधिकारीहरूबीच नयाँ प्रकारको विरोध आन्दोलनको योजना बनाउनेबारे भारतको पटनामा बैठक भएको कुराको विस्तृत विवरण दिएको थियो। हेर्नुहोस्, सरोज अधिकारी, "सीमापारिको सन्जाल", *नेपाल*, २ डिसेम्बर २००७। प्रमाणको गहनता आफ्नो ठाउँमा छ। तर तराईका हालैका घटनाहरूमा भारतको हात छ भन्ने धारणा सबै दल तथा काठमाडौँका नागरिक समाजका समूहहरूमा व्याप्त छ।
[४४] हेर्नुहोस्, प्रेस वक्तव्य, महासचिवका विशेष प्रतिनिधि इयान मार्टिन, अनमिन, ६ नोभेम्बर २००७।
[४५] भाष्कर गौतम, "नेपालमा अनमिनको क्षेत्राधिकार", *नयाँ पत्रिका*, २८ नोभेम्बर २००७।

अन्तर्राष्ट्रिय उपस्थितिले निर्वाचनका लागि भयरहित वातावरण निर्माणमा सहयोग पुऱ्याउँछ भन्ने स्वीकार्छन्। त्यति हुँदाहुँदै पनि अनमिनले आफ्नो क्षेत्राधिकारलाई नाघेर चुनावबाट ध्यान अन्यत्रै मोड्ने कोसिस गरिरहेको ठान्दछन्। कोहीकोही त के पनि आशङ्का गर्छन् भने सं.रा.को लामो संलग्नताले भारतीय प्रभावलाई निस्तेज गरी कुनै तेस्रो शक्तिका लागि बाटो खुला गर्नेछ। कोहीचाहिँ भारतसित सीमा जोडिएको तराई क्षेत्रमा सं.रा.को व्यापक उपस्थिति र राजनीतिक नेताहरूसँगको प्रत्यक्ष सम्पर्क भारतका लागि चिन्ताको विषय भएको बताउँछन्।

सबै भारतीय अधिकारीहरू एकताबद्ध अन्तर्राष्ट्रिय आवाज जरुरी भएको कुरामा विमति राख्दैनन्। तर सं.रा. तथा पश्चिमको सार्वजनिक अडानले निर्वाचनबाट मुख्य ध्यान विकर्षित गरी चुनावमा ढिलाइ गर्ने निहुँ (खासगरी माओवादीहरूलाई) दिएकोमा चिन्ता गर्छन्। सुरक्षा क्षेत्रको सुधारजस्ता अन्तर्राष्ट्रिय चासोका विषयमा माओवादीहरूले स्वरमा स्वर मिलाएको उदाहरण उल्लेख गर्दै एक जना अधिकारीले भने, "आज अनमिन जे भन्छ भोली प्रचण्ड त्यही भन्छन्।"[४६] अर्का एक जना चिढिएका भारतीय कूटनीतिज्ञले सचेत गराउँदै भने, "खासमा कसैले पनि त्यस्तो उद्‌गार व्यक्त गर्नुहुँदैन जसलाई कुनै एक पक्षले मोलतोलका रूपमा प्रयोग गर्न सकोस्। अन्तर्राष्ट्रिय समुदाय आफैं राजनीतिको एउटा कारक तत्त्व बन्नुलाई किमार्थ राम्रो मान्न सकिन्न।"[४७]

नीति तथा समझदारीमा सारभूत रूपमा थोरै मात्र विमति छन् र ती पनि मिलाउन नसकिने खालका छैनन्। सं.रा. तथा पश्चिमी कूटनीतिज्ञहरू निर्वाचनलाई शान्ति प्रक्रियाको एक अभिन्न अङ्गका रूपमा हेर्दछन्। उनीहरूका नजरमा शान्ति प्रक्रियामा जोड दिनु भनेकै निर्वाचन सम्पन्न होस् र त्यो सार्थक होस् भन्नेमा जोड दिनु हो। एक जना पश्चिमी कूटनीतिज्ञ भन्छन्, "निर्वाचनको मिति किटान भएपछि मात्रै दलहरूद्वारा सुझाइएका कुनै पनि मार्गचित्रले समर्थन पाउनेछ।"[४८] अनमिन वा सरकार दुवै नै यस प्रक्रियाको भिटो माओवादीका हातमा परोस् भन्ने चाहँदैनन्, तर नयाँ दिल्ली के विश्वास गर्छ भने माओवादीबिना नै चुनावमा जाने धम्की मात्र एउटा कारगर विकल्प हुन सक्छ। चीनले यस शान्ति प्रक्रियालाई भारत-अमेरिका प्याकेजका रूपमा हेर्दछ र यसको कार्यान्वयनउपर उसका आफ्नै संशयहरू होलान्। तर पनि यस प्रक्रियालाई अवरुद्ध गर्नेतिर उसले आफ्ना राजनीतिक पहुँचलाई उपयोग गरेको छैन। चीनका सार्वजनिक वक्तव्यहरू सन्तुलित तथा शान्ति प्रक्रियाप्रति सहयोगी नै छन्।

दिल्लीमा नोभेम्बर महिनामा सम्पन्न शिखर सम्मेलनपछि भारत र युरोपेली संघद्वारा संयुक्त रूपमा प्रकाशित वक्तव्यले एउटा साझा मञ्चको खाका प्रस्तुत गरेको छ :

> नेपालमा निर्वाचन स्थगित भएकामा नेताहरूले गहिरो असन्तोष प्रकट गरे। बारम्बार निर्वाचन स्थगित हुनाले विश्वसनीयता खस्किन्छ र त्यसबाट प्रजातान्त्रिक रूपान्तरण तथा वैधानिकताको प्रक्रियालाई नै गम्भीर असर पर्न जानेछ। शान्ति प्रक्रियालाई सही मार्गमा राखिराख्न छिटो निर्वाचन सम्पन्न गरी जनादेश लिनु जरुरी छ। नेताहरूले बिनाकुनै डर त्रास जतिसक्दो चाँडो सबैलाई उपलब्ध स्वतन्त्र र निष्पक्ष प्रक्रियाद्वारा आफ्नो भविष्य तथा शासन प्रकृति छनौट गर्न नेपाली जनतालाई सक्षम पार्नका लागि आजसम्म गरेका सबै समझदारी तथा निर्णयहरू पालना गर्न आग्रह गरे।[४९]

यस प्रक्रियालाई सही मार्गमा अगाडि बढाउनलाई दबाउन सकिने कुनै त्यस्तो सजिलो स्वीच छैन भन्ने सबै कूटनीतिज्ञहरूले महसुस गरेका छन्। सबै दलहरू र खासगरी माओवादीहरूलाई के बुझाउनुपर्छ भने उनीहरूले प्राप्त गरेका अन्तर्राष्ट्रिय मान्यता निःशर्त र सीमारहित होइन। उनीहरूले अविलम्ब जनादेश लिनपट्टि नलाग्ने हो भने अन्तर्राष्ट्रिय जगत्‌ले दिएको मान्यता फिर्ता हुन पनि सक्छ। तर आर्थिक सहायता दिँदाखेरि राखिने शर्तहरूबाट दिइने दबाबहरू भने त्यति प्रभावकारी हुन सक्दैनन्।

## ङ. निष्कर्ष

नेपालको शान्ति प्रक्रियाको अवधारणा आफैंमा अचकल्टो थिएन। यसलाई अझै पनि सफल पार्न सकिन्छ तर राजनीतिक नेतृत्वको दरिद्रता, यसका प्रमुख प्रावधानहरूलाई लागू गराउने सम्बन्धमा देखिएको इच्छाशक्तिको कमी तथा दलहरू र जनसाधारणबीचको बढ्दो अविश्वासले यसलाई निश्चित रूपमा पछि पारेको छ। शक्ति गुम्ने डरले त्रसित नेताहरूका लागि निर्वाचनलाई सार्दै जाने कुरा आकर्षक विषय हुन सक्ला, त्यसैले अर्को वैकल्पिक योजना हाल उनीहरूसित छैन। जतिसुकै त्रुटिपूर्ण र अपूर्ण भए पनि बृहत् शान्ति सम्झौता नै एकमात्र विश्वसनीय रूपरेखाका रूपमा प्रस्तुत छ। यसलाई तोड्नाले वा यसको मौलिकतालाई बङ्ग्याउनाले गम्भीर खतरा निम्त्याउन सक्छ। जनता सशङ्कित छन्, तैपनि उनीहरूले मूलधारका दलहरू तथा माओवादीलाई सुध्रने र परिवर्तनका लागि नयाँ जनादेश प्राप्त गर्ने एउटा अवसर प्रदान गरेका छन्। यस मौकाको उपयोग गरेमा उनीहरूको दलगत स्वार्थ पनि पूरा हुनेछ। अन्यथा आफ्ना आकाङ्क्षाहरूलाई सामूहिक रूपमा घात गर्ने दलहरूप्रति जनताको रत्तिभर सहानुभूति रहनेछैन।

**काठमाडौं/ब्रसेल्स, १८ डिसेम्बर २००७**

---

[४६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, वरिष्ठ भारतीय कूटनीतिज्ञ, नयाँ दिल्ली, डिसेम्बर २००७।
[४७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, वरिष्ठ भारतीय कूटनीतिज्ञ, नयाँ दिल्ली, डिसेम्बर २००७।
[४८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पश्चिम कूटनीतिज्ञ, नयाँ दिल्ली, डिसेम्बर २००७।
[४९] भारत-युरोपेली महासङ्घ संयुक्त वक्तव्य, नयाँ दिल्ली, ३० नोभेम्बर २००७।

International Crisis Group
WORKING TO PREVENT CONFLICT WORLDWIDE

**International Headquarters**
149 Avenue Louise, 1050 Brussels, Belgium · Tel: +32 2 502 90 38 · Fax: +32 2 502 50 38
E-mail: brussels@crisisgroup.org

**New York Office**
420 Lexington Avenue, Suite 2640, New York 10170 · Tel: +1 212 813 0820 · Fax: +1 212 813 0825
E-mail: newyork@crisisgroup.org

**Washington Office**
1629 K Street, Suite 450, Washington DC 20006 · Tel: +1 202 785 1601 · Fax: +1 202 785 1630
E-mail: washington@crisisgroup.org

**London Office**
Cambridge House - Fifth Floor, 100 Cambridge Grove, London W6 0LE · Tel: +44 20 7031 0230 · Fax: +44 20 7031 0231
E-mail: london@crisisgroup.org

**Moscow Office**
Belomorskaya st., 14-1 - Moscow 125195 Russia · Tel/Fax: +7-495-455-9798
E-mail: moscow@crisisgroup.org

**Regional Offices and Field Representation**
Crisis Group also operates from some 28 different locations in Africa, Asia, Europe, the Middle East and Latin America.
See www.crisisgroup.org for details.